National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- २०, २०८२ साल मंसिर २३ गते मंगलबार (Decmber 9, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np


अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## युवा पुस्ताको पलायन कहिले रोकिन्छ ?



**मोहन कार्की**

नेपालमा युवा पलायन दिनानु दिन बढ्दै गएको छ । यो चलन बढ्दा नेपालको विकास निर्माणसमेत प्रभावित भएको छ । नेपालको हाईड्रो निर्माणमा मजदुरको अभाव हुन थालेको छ । दक्ष ईन्जिनियर, सव ओभरसियर, लगायतका कामदार पाउन मुस्किल भईरहेको छ । त्यसैगरी नेपालमा थोरै मात्रमा उद्योगहरु रहेका छन् । ति उद्योगहरुमा पनि दक्ष कामदारहरु पाउन मुस्किल छ ।

नेपालमा राजनीतिक पार्टीहरु स्थापना पछि मजदुर आन्दोलनको नाममा, कहिले चन्दा आताङ मच्चाएर डर, धम्कीको कारण उद्योग कलकारखाना बन्द भएका थिए । त्यसपछि बेरोजगार बनेका युवाहरु नेपाल देश छोडेर विदेश जान बाध्य भएका हुन् ।

विदेशमा गएका नेपालीहरु पहिला पहिला वर्किङ भिषामा विदेश गएर कमाई गरी नेपाल नै फर्कने चलन थियो । पछिल्लो समय विकसीत राष्ट्रमा पढ्न जाने नाममा त्यतै पढ्ने पनि काम पनि गर्ने गरेर त्यतैको वातावरण बुझेर देश नफर्कने चलनले नेपालमा युवा पुस्ताको पलयान समस्याको रुपमा देखिन थालेको छ ।

ध्यान दिनुपर्ने कुरा

नेपालका युवा विद्यार्थीहरु पढ्नको लागि सवै खालका विषयहरु नेपालमा नै उपलब्ध छन् । तर नेपालमा पढेर उच्च शिक्षा हाशिल गरेपछि रोजगार प्राप्त नहुने अन्यौलताका कारण विदेश जाने गरेका छन् । विदेशमा पढ्न जानको लागि नै २० औ लाँख खर्च गरेर विदेश पढ्न जाने गरेका छन् । त्यतिका रकम विदेश पढ्न पठाउने खर्चले नेपालमा त्यतिनै लगानी गरेर नेपालमा आफ्नै घरमा बसेर पढ्दै काम सिप सिकेर काम गर्ने हो भने नेपालमा पनि सम्भावना धेरै देखिन्छन् ।

त्यसैले नेपालमा यतिवेला राजनीतिक पार्टीहरुभन्दा बाहिरवाट बनेको सरकार छ । यहि वेलामा नेपालमा रासायनिक मल कारखाना, प्राविधिक उद्योगहरु, युवाहरुलाई स्वरोजगार बनाउने कामको थालनी हुनुपर्ने देखिन्छ ।

तर उल्लेखनिय कामहरु कतै भएको जस्तो देखिदैन । त्यसैले सम्बन्धित पक्षको ध्यान पुग्न जरुरी छ ।

## शहीद बनेका पत्रकार सुरेश रजक



काठमाडौं- तीनकुने क्षेत्र त्यसदिन असामान्य थियो । राजावादी प्रदर्शन उग्र बन्दै गएको थियो । सडकमा नाराबाजी, ढुंगामुढा र तोडफोड चलिरहेको थियो । भीड तितरबितर हुँदै जाँदा केही भवनमा आगो सल्किन थालिसकेको थियो । यही अव्यवस्थित र जोखिमपूर्ण परि स्थितिबीच क्यामेरा बोकेर दृश्य खिचिरहेका थिए पत्रकार सुरेश रजक । एभिन्युज टेलिभिजनमा कार्यरत रजक प्रदर्शनका दृश्य प्रत्यक्ष प्रसारण गर्ने प्रयासमा तीनकुनेस्थित एक भवनभित्र प्रवेश गरेका थिए । बाहिर भीडको चर्को होहल्ला थियो, भित्र भने धुवाँ फैलिँदै थियो । आगो विस्तारै माथिल्लो तलातर्फ बढ्दै गयो । त्यसपछि उनीसँग सम्पर्क टुट्यो ।

केही समयपछि सोही भवन दनदनी आगोमा जल्यो । आगलागी नियन्त्रणमा आएपछि खोजी गर्दा तेस्रो तलामा जलेको अवस्थामा रजकको शव फेला पर्यो । कर्तव्य निर्वाहकै क्रममा एक पत्रकारले ज्यान गुमाएको खबरले पत्रकारिता क्षेत्र स्तब्ध बन्यो ।

तीनकुनेको उक्त प्रदर्शन केवल राजनीतिक उग्रताको घटना मात्र रहेन, यो घटनाले पत्रकार सुरक्षाको गम्भीर प्रश्न पनि उठायो । दृश्य संकलन गर्दै सत्य बाहिर ल्याउने प्रयासमा » बाकी ६ पृष्ठमा

## पशुपतिनाथ क्षेत्रमा श्रीगीता जयन्ती भव्य रूपमा सम्पन्न




काठमाडौं- पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव सुभाष चन्द्र जोशीको प्रमुख आतिथ्यमा पशुपतिनाथ मन्दिर परिसरमा श्रीगीता जयन्ती कार्यक्रम श्रद्धा र भक्तिपूर्वक सम्पन्न भएको छ ।

श्री गीताप्रेस पुस्तक प्रचार प्रसार केन्द्र नेपालको तत्वावधानमा तथा गीता परिवार नेपाल, गीताप्रेस पुस्तक विक्री केन्द्र काठमाडौं र गीताप्रेस पुस्तक विक्री केन्द्र बुटवलको व्यवस्थापनमा आयोजना गरिएको कार्यक्रममा गीतामाताको आराधना गर्दै जयन्ती मनाइएको हो ।

कार्यक्रममा पशुपति क्षेत्र विकास कोषका पूर्व सदस्य सचिव एवं मानव सेवा आश्रमका संरक्षक डा. गोविन्द टण्डन, पशुपतिनाथका मूल भट्ट गिरीश रावल भट्ट तथा श्री वेंकटेश मन्दिरका मठाधीश पद्मधराचार्य विशिष्ट अतिथिका रूपमा सहभागी थिए ।

गीताप्रेस पुस्तक प्रचार प्रसार केन्द्र नेपालका अध्यक्ष जय किसन सारडाको सभापतित्वमा सम्पन्न कार्यक्रममा उहाँले उपस्थित महानुभावहरूको स्वागत गर्दै गीताप्रेस नेपालको गतिविधि र नेपालमा पुराण तथा सत्साहित्यको नेपाली अनुवादबारे जानकारी गराए ।

उहाँले गीताप्रेस गोरखपुरबाट प्रकाशित सत्साहित्यलाई नेपाली भाषामा अनुवाद गरी प्रचार-प्रसार तथा वितरण गर्ने कार्य भगवान् श्रीपशुपतिनाथको पावन क्षेत्रबाट निरन्तर » बाकी ६ पृष्ठमा

## जलेको सिंहदरबारका संरचना चाडै पुनर्निर्माण हुनेमा पूर्वराष्ट्रपति भण्डारीको विश्वास

काठमाडौं- पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा क्षतिग्रस्त भएका सिंहदरबार परिसरका संरचना चाँडै पुनर्निर्माण हुने विश्वास व्यक्त गरेकी छन् ।


आइतबार सिंहदरबार परिसरको अवलोकनपछि प्रतिक्रिया दिँदै पूर्वराष्ट्रपति भण्डारीले आगजनीबाट संरचना ध्वस्त भएको देख्दा आफूलाई गहिरो दुःख लागेको बताइन् । साथै, नेपाल सरकारले क्षतिग्रस्त संरचनाहरूको शीघ्र पुनर्निर्माण गर्नेमा आफू विश्वस्त रहेको उल्लेख गरिन् । उनले भविष्यमा यस्ता दुःखद घटना दोहोरिन नदिन सबै पक्ष सचेत हुनुपर्नेमा जोड दिइन् ।

पूर्वराष्ट्रपति भण्डारीले साविकको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आगजनीबाट प्रभावित विभिन्न मन्त्रालय र संरचनाहरूको अवलोकन गरेकी थिइन् । सो क्रममा उनलाई सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले स्वागत



गर्दै क्षतिग्रस्त कार्यालयहरूको अवस्था अवगत गराएका थिए ।

अवलोकनपछि पूर्वराष्ट्रपति भण्डारीले प्रधानमन्त्री सुशीला कार्कीसँग सिंहदरबारमै भेटवार्ता गरेकी छन् । » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २०,
२०८२ साल मंसिर २३ गते मंगलबार
9 DECEMBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

## लंगिङ हिंसा विरूद्धको १६ दिने अभियानले सिकाएको पाठ

नेपालमा लैगिङ हिंसा विरूद्धको अन्तराष्ट्रि दिवश देशैभरी ठाउँ र परि स्थिति अनुसार मनाएकाछन् । देशमा २०७२ सालको संविधान बनेपछि स्थानीय तहको सरकार २०७४ सालमा निर्वाचन भई देशैभरी जनतामा प्रत्यक्ष जन सहभागिता हुने परिकल्पना गरेर चुनिएका जनप्रतिनिधिहरूको सहभागितामा नेपालको संघीय प्रमुख प्रशाशकीय अधिकृतको नेतृत्वमा स्थानीय प्रसाशन लागु गरिएको थियो । जसमा स्थानीय साशनमा दिगो विकासको लागि महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङगता भएका व्यात्तिहरूको सुरक्षा, रक्षा, व्यवस्थापन गर्नुपर्ने अनिवार्यता गरिएको छ ।

त्यसै अनुरूप स्थानीय तहका प्रशासनिक तथा जनप्रतिनिधिहरूले सोही अनुरूप महिला हिंसा विरूद्धको १६ दिने अभियान सञ्चालन गरेका छन् । देशका बिभिन्न क्षेत्रमा भएका कार्यक्रमले नेपालमा हुने गरेका महिला हिंसा सम्बन्धि ज्ञान, चेतना, ऐन, कानूनको वारेमा जनकारी गराउने तथा स्थानीय सरकारले ति महिला, बालबालिका, अपाङगता भएका व्यात्तित्वहरूलाई दिने माया, सम्मान, सुरक्षा, रक्षा, व्यावस्थापन जस्ता कार्यले नेपालको लैगिङक समानता र मानवीय चेतनामा बृद्धि भईरहेको छ ।

महिला हिंसा विरूद्धको १६ दिने अभियाँनमा महिलाको मात्र अधिकार नभनिकन महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिकहरूलाई समेत सेवा दिने कार्य भएको छ । स्थानीय सरकारमा ७५३ नै वटा पालिकामा महिला बालबालिका शाखा स्थापना गर्नुपर्ने नेपालको प्रचलित स्थानीय ऐनमा उल्लेख भएको हुनाले पनि यि सवै क्षेत्रलाई यसै दिवसको अवसरमा कार्यक्रम गरी बिभिन्न पालिकाले कार्य गरेका छन् ।

यो कार्यक्रम अर्थात महिला हिंसा विरूद्धको १६ दिने अभियाँनले महिलाहरूलाई सशक्तिकरण गर्ने पुरूषहरूलाई समेत हिंसा गर्नुहुदैन । हिंसा गरेमा कानूनी कारवाही हुने रहेछ भन्ने ज्ञान हुने र नारी पुरूषमा भेदभाव नगरी एकअर्कामा सदभाव विश्वास बढाएर मानवीय चेतको विकास गर्न सक्यौ भने सामाजिक रूपमा अझै महत्वपूर्ण भूमिका खेल्न सकिदो रहेछ भन्ने ज्ञान प्राप्त हुने जस्ता उपलब्धिहरूले नेपालमा महिला हिंसाको सुन्यता गराउन सकिदो रहेछ भन्ने सन्देश दिएको देखिन्छ ।

# दिगो विकास र गरिबीको अन्तरसम्बन्ध



■ सुदर्शन अधिकारी

नेपालमा दिगो विकासका लागि विगत एक दशकदेखि अनेक प्रयास हुँदै आएको छ । सर्वप्रथम शून्य गरिबी र नेपाल शीर्षकअन्तर्गत दिगो विकास लक्ष्य वा शून्य गरिबीको लक्ष्य प्राप्त गर्न नेपालले प्रतिव्यक्ति आयलाई सन् २०३० सम्ममा २५ सय डलर पुऱ्याउने लक्ष्य लिएको छ । यसै गरी सन् २०३० सम्ममा सामाजिक सुरक्षा कार्यक्रमको लागि नेपाल सरकारले आफ्नो बजेटको १५ प्रतिशतसम्म खर्च गर्ने योजना बनाएको छ । नेपालले चालू पञ्चवर्षीय योजनाले बहुआयामिक गरिबीलाई दिगो आर्थिक विकासमार्फत कम गर्दै लैजाने लक्ष्य लिनुका साथै निरपेक्ष गरिबीको दरलाई पाँच प्रतिशतभन्दा कममा झार्ने दीर्घकालीन लक्ष्य लिएको छ । यसै गरी शून्य भोकमरीको लागि खाद्यान्न सुरक्षा, पोषणमा सुधार र दिगो कृषि विकासलाई प्रवर्द्धन गर्ने योजना रहेको छ ।

नेपालले शून्य भोकमरीको लक्ष्य प्राप्त गर्न सन् २०३० सम्ममा कुपोषणको अन्त्य तथा खाद्य सुरक्षामा विशेष जोड दिएको छ । कुपोषित जनसंख्याको प्रतिशतलाई सन् २०३० सम्ममा तीन प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ । साथै प्रतिव्यक्ति खाद्यान्न उत्पादन ५३० किलो प्रतिव्यक्ति पुऱ्याउने लक्ष्य राखेको छ । सम्मानजनक श्रम, आर्थिक वृद्धि र नेपाल शीर्षकअन्तर्गत सम्मानजनक श्रम र आर्थिक वृद्धि प्राप्त गर्नका लागि नेपालले सन् २०३० सम्ममा ७ प्रतिशतको प्रतिव्यक्ति कुल ग्रार्हस्थ्य उत्पादनको वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको छ । सन् २०३० सम्ममा रोजगारीका क्रममा हुने विभिन्न दुर्घटनाहरुलाई १५ प्रतिशतभन्दा तल झार्ने लक्ष्य राखेको छ ।

चालू सोह्रौं योजनाले दिगो विकास लक्ष्य अनुरुपको सम्मानजनक श्रम र आर्थिक वृद्धि हासिल गर्न योजना अवधिभरमा २५ लाख थप रोजगारी सिर्जना गर्नको लागि विभिन्न रोजगार मूलक कार्यक्रमहरुको प्रवर्द्धन गर्ने योजना राखिएको छ, जुन ज्यादै नै चुनौतीपूर्ण समेत रहेको छ । अर्को शीर्षक गुणस्तरीय शिक्षा र नेपालअन्तर्गत संयुक्त राष्ट्रसघीय दिगो विकास लक्ष्य अनुरुप समावेशी र समानुपातिक धारणा अनुरुप विभिन्न तहमा प्रदान गरिने शिक्षामा पिछडिएको वर्गलाई विशेष स्थान दिइँदै आएको छ । गुणस्तरीय शिक्षा सुधारका लागि नेपालमा माध्यमिक तहको शिक्षालाई निःशुल्क गरिएको छ । प्राथमिक र माध्यमिक तहको शिक्षालाई गुणस्तरीय बनाउन नेपालमा शिक्षक-विद्यार्थी अनुपात ४० मा राख्ने लक्ष्य रहेको छ ।

नेपालले सन् २०९० सम्ममा युएनडीपीका दिगो विकासका १७ वटा लक्ष्यहरु प्रप्त गर्ने प्रतिबद्धता लिएको छ । उक्त लक्ष्य प्राप्त गर्न चालू सोह्रौं योजनाको आवधिक र दीर्घकालीन उद्देश्य रहेको छ । यसै गरी यस अवधिका बजेटहरुलाई पनि दिगो विकास लक्ष्य अनुरुप निर्माण र परिचालन गरिँदै आएको छ । अब चर्चा गरौं, गरिबीका सन्दर्भमा । परिवारको आयले न्यूनतम आवश्यकता जस्तै- गाँस, बास, कपास, स्वास्थ्य आदि खरिद गर्न असमर्थ हुने अवस्था गरिबी हो भनेर परिभाषित गरिएको छ । गरिबी प्रायः सबै विकासशील समाजको साझा समस्या हो । गरिबीका विभिन्न कारणहरु रहेका हुन्छन् । तीव्र जनसंख्या वृद्धि पनि प्रमुख कारण रहेको देखिन्छ, गरिबीको अवस्था सिर्जना हुनुमा । तीव्ररुपमा जनसंख्या वृद्धिसँगै देशको आर्थिक वृद्धि हुन नसक्दा प्रतिव्यक्ति आयमा पनि गिरावट हुन जान्छ । रोजगारी आयको प्रमुख स्रोत भएकोले बेरोजगारी र गरिबीको श्रमशक्तिको उल्लेख्य हिस्सा पूर्ण बेरोजगार रहेको पाइन्छ । जसका कारण नेपालमा गरिबीको दर न्यूनीकरणमा उल्लेख्य प्रगति गर्न सकेको अवस्था छैन । त्यसै गरी पूर्वाधारहरुको असमान वितरण पनि गरिबीको अर्को कारण बनेको देखिन्छ । समानरुपमा पूर्वाधार हरुको विकास गर्न सकिएमा मात्र गरिबी कम गर्न सहज वातावरणको सिर्जना गर्न सकिन्छ । यदि असमान रुपले पूर्वाधारको विकास गरियो भने विकास नभएको स्थानका मानव झन् धेरै गरिबीमा रहन बाध्य हुन्छन् । तसर्थ पूर्वाधारको असमान वितरण हटाउन सक्नुपर्छ । अर्को कारण रहेको छ कि औद्योगिकीकरण । आधुनिक उद्योगहरुले उपलब्ध साधनहरुको वैज्ञानिक रुपमा सदुपयोग गरी ठूलो मात्रामा रोजगारी सिर्जना गर्छन् । न्यून औद्योगिकीकरण हुनु भनेको अवसरहरुको कमी हुनु पनि भएकोले गरिबी कम गर्नका लागि उद्योगहरुको विकास र विस्तारमा जोड दिनुपर्छ । परम्परागतरुपले खेती गर्ने परिपाटी गरिबीको अर्को कारण रहेको देखिन्छ । परम्परागत कृषि पेसामा आबद्ध व्यक्तिले प्राकृतिक साधनहरुको कम उपयोग गर्छन् । यसले उत्पादकत्व कम हुन्छ । उपलब्ध स्रोत-साधनको उपयोग वैज्ञानिक रुपले गर्न सक्ने हो भने उत्पादन वृद्धि गर्न सहज हुन्छ । उत्पादन वृद्धि भएमा स्वतः आर्थिक अवस्था बढ्न जान्छ र गरिबी कम गर्न सहयोग पुग्छ ।

परम्परागतरुपले खेती गर्ने परिपाटी गरिबीको अर्को कारण रहेको देखिन्छ । परम्परागत कृषि पेसामा आबद्ध व्यक्तिले प्राकृतिक साधनहरुको कम उपयोग गर्छन् । यसले उत्पादकत्व कम हुन्छ । उपलब्ध स्रोत-साधनको उपयोग वैज्ञानिक रुपले गर्न सक्ने हो भने उत्पादन वृद्धि गर्न सहज हुन्छ । उत्पादन वृद्धि भएमा स्वतः आर्थिक अवस्था बढ्न जान्छ र गरिबी कम गर्न सहयोग पुग्छ । कुनै अर्थ व्यवस्थामा प्राकृतिक साधनहरुको वैज्ञानिक र उचित तरिकाले प्रयोग गर्न सकिएमा प्रतिव्यक्ति आय, रोजगारी आदिमा वृद्धि गर्छ । यस्तो वृद्धिले गरिबी कम गर्न महत्वपूर्णरुपमा सहयोग पुग्छ । तसर्थ प्राकृतिक साधनहरुको भरपूररुपमा उपयोग गरी गरिबी घटाउन सकिन्छ । देशमा राजनीतिक अस्थिरता रहेमा नेतृत्व र नीति निर्माण तहमा स्थायित्व रहँदैन । जसले गर्दा आर्थिक योजनाको निर्माण, परिचालन, अनुगमनजस्ता विषयहरु प्रभावहीन बन्छन् । तसर्थ राजनीतिक अस्थिरता र नीतिगत समस्या पनि गरिबीको प्रमुख कारण बनेको तीतो वास्तविकता छँदै छ ।

गरिबी हटाउने अनेकौं उपायहरु पनि रहेका छन् । सामाजिक सुरक्षाले उनीहरुलाई न्यूनतम आवश्यकता पूरा गर्न सक्षम बनाउँछ । दृष्टान्तका लागि बृद्ध भत्ता, एकल महिला भत्ता, फरक क्षमता भएकाहरुका लागि दिइने भत्ता आदि सामाजिक सुरक्षा कार्यक्रमहरुले आर्थिक रुपले कमजोर व्यक्तिहरुलाई न्यूनतम आवश्यकता पूरा गर्न सहयोग गरेको हुन्छ । तसर्थ यस्ता कार्यक्रमहरुमार्फत गरिबी कम गर्न सहज वातावरणको सिर्जना हुन्छ । नेपाल कृषिमा निर्भर देश भएकोले यसको वैज्ञानिक विकासमा जोड दिनुपर्छ । कृषिमा आधुनिकीकरणमार्फत उत्पादकत्व वृद्धि गरी कृषिमा आबद्ध जनसंख्याको आम्दानीमा वृद्धि गर्न सकिन्छ । त्यसैले कृषिमा आधुनिकीकरण गर्न विशेष कदम चाल्नुपर्छ । यस्तै गरिबी लक्षित कार्यक्रमहरु सञ्चालनमा पनि जोड दिनुपर्छ । मानव संसाधन वा जनशक्तिको उत्पादकत्व र उद्यमशीलतामा प्रवर्द्धन गरी तिनीहरुको आयस्तरमा वृद्धि गर्न सकिन्छ ।

मानव संसाधनको विकासका लागि सामाजिक सेवाहरु जस्तै- शिक्षा, स्वास्थ्य, खानेपानी, पोषण आदिमा सुधार गर्नुपर्ने हुन्छ । त्यसैले गरिबी निवारणका लागि मानव संसाधनको विकासमा विशेष र प्रभावकारी कार्य सम्पादन गर्नुपर्छ । कतिपय कार्यक्रमहरु गरिब नागरिकसम्म नपुगेको अवस्था रहेको छ । गरिब लक्षित विशेष कार्यक्रमहरुको तय गरी त्यसको प्रभावकारीरुपमा कार्यान्वयनमा जोड दिनुपर्छ । गरिबी हटाउन वा कम गर्नका लागि औद्योगिकीकरणमा जोड दिनुपर्छ । उद्योगहरुले प्राकृतिक स्रोत, पूँजी तथा मानव संसाधनको उच्च प्रयोगमार्फत रोजगारी तथा अवसरहरुको विस्तार गर्ने हुनाले गरिबी निवारणका लागि औद्योगिकीकरणलाई जोड दिनु अत्यन्तै आवश्यक छ । साथै गरिबी हटाउन सहभागितामूलक विकास योजना आवश्यक पर्छ ।

विकासका आयोजनाहरुमा स्थानीय व्यक्तिहरुको प्रत्यक्ष सम्लग्नता रहनुलाई सहभागितामूलक विकास भनिन्छ । यस्ता योजनाहरुमा स्थानीयहरु योजनाको छनोट, बजेट निर्माण, योजना परिचालन र अनुगमनमा प्रत्यक्ष सहभागी हुने हुनाले योजनामा लागू गरिएका सबै आर्थिक साधन र स्रोतहरु स्थानीयकै पहुँचमा जाने हुँदा तिनीहरुको आय तथा रोजगारीमा वृद्धि हुन्छ । गरिबी निवारणका लागि अर्को महत्वको विषय हो, पूर्वाधारहरुको विकास र विस्तार । सडक, सञ्चार, ऊर्जा, सिंचाइजस्ता पूर्वाधारहरुको विस्तारले ग्रामीण र दुर्गम स्थानमा रहेका विभिन्न आर्थिक स्रोतहरुको बजार परिचालनमा विस्तार हुन जान्छ । यसरी परिचालित साधनहरुमार्फत ती स्थानमा रहेका व्यक्तिहरुको आयमा सुधार हुन गई गरिबी निवारणमा थप सहयोग पुग्छ । अर्को महत्वपूर्ण विषय रहेको छ, राजनीतिक स्थिरता । यसको अभावमा कुनै पनि कार्यक्रमहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्न सकिँदैन ।

देशको आर्थिक, सामाजिक, सांस्कृतिक सबै प्रकारको विकास गर्न सर्वप्रथम त राजनीतिक स्थिरताको खाँचो रहन्छ । राजनीतिक स्थिरता भएमा मात्र हरेक कार्यक्रम सहजरुपले लक्षित स्थान र वर्गसम्म लैजान सकिन्छ । राजनीतक स्थिरताको अभावमा एउटा सरकारले ल्याएको राम्रो कार्यक्रम पनि विनाकारण रोकिन्छन् । कर्मचारीहरु पनि स्थिर सरकार नभएमा काम गर्न चासो र जाँगर लगाउँदैनन् । सरकार परिवर्तनसँगै उच्च तहका कर्मचारीहरुको सरुवा हुने परिपाटीले पनि योजनाहरु समयमा नै सम्पन्न हुन सक्दैनन् । यस्तो हाम्रो सन्दर्भमा भने एक प्रकारको संस्कृति नै बनेको देखिन्छ । हामीले आफ्नो स्रोत-साधनहरुको प्रयोगले मात्र गरिबी निवारणका कार्यक्रमहरु अगाडि बणउन सक्दैनौं, तसर्थ विभिन्न दातृ राष्ट्र तथा संस्थाहरुको आर्थिक सहयोगको आवश्यकता रहन्छ । त्यस्तो सहयोग प्राप्त गर्नका लागि पनि देशमा राजनीतिक स्थिरताको खाँचो रहन्छ ।

गरिबी निराकरण गर्ने कार्य सरकार एक्लैको प्रयासले मात्र सम्भव छैन । यसका लागि विभिन्न गैरसरकारी संघसंस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोग चाहिन्छ । तिनीहरुलाई विश्वासमा लिनका लागि पनि देशमा राजनीतिक स्थिरता हुनु जरुरी हुन्छ । गैरसरकारी संस्थाहरुलाई निर्धक्क भएर काम गर्ने वातावरण सिर्जना गर्न पनि राजनीतिक स्थिरता अनिवार्य हुन्छ । विश्व बैंक, एसियाली विकास बैंक, युएनडीपीजस्ता अन्तर्राष्ट्रिय निगम वा संस्थाहरुले नेपालमा विभिन्न क्षेत्रमा सहयोग गरिरहेका छन् । यस्ता संस्थाहरुले गरिबी निवारणको लागि पनि बर्सेनि लगानी गरी काम गर्दे आएको हुनाले उनीहरुलाई साथमा नै लिएर कार्य गर्नुपर्ने हुँदा यसमा पनि ध्यान दिनुपर्छ । यसै गरी दैनिक प्रशासनमा हुने ढिलासुस्ती, भ्रष्टाचार आदि पनि हामीले हटाउनुपर्छ । विदेशी दाताहरुले आफूले लगानी गरेको रकमको सदुपयोग भएको छ या छैन भनेर ध्यान दिएका हुन्छन् । तसर्थ उनीहरुबाट आएको रकमको पारदर्शितासमेतमा विशेष ध्यान दिनुपर्छ । हाम्रो विकासमा यस्ता दातृ राष्ट्रको योगदान ठूलो रहेकोले पनि हामीले यस्ता कार्यक्रमको परिचालनमा ज्यादा गम्भीर भएर प्रभावकारीरुपले कार्य सम्पादनमा ध्यान दिनुपर्छ । समग्रमा हामीले गरिबी निवारणका लागि गरिरहेका विभिन्न प्रयासलाई उपलब्धिमूलक बनाउनका लागि हरेक सम्बन्धित निकायले विशेष चनाखो भएर काम गर्नुपर्छ, तब मात्र लक्ष्य प्राप्तिमा अपेक्षित प्रगति गर्न सकिन्छ ।



*काठमाडौं । नेपाली गीत संगीत क्षेत्रमा केही गर्न उद्देश्य राखेर आठ हजार लगानी गरेर म्युजिक भिडियोमा अभिनय गरेकी मोड्ल बिनिता दाहालको अहिले दर्जनौं गीत चर्चामा रहेका छन् । यसका साथै उनले दर्जनौं नेपाली टेलिसिरियल र लघुचलचित्रमा पनि अभिनय गरी आफ्नो अभिनय क्षमता शसक्त ढंगबाट प्रस्तुत गरेकी छन् । पछिल्लो समय, उनका अधिकांश कामहरु चर्चामा रहेका छन् । उनै मोड्ल बिनिता दाहालसँग आफ्नो कलाकारिता यात्रा र जीवनका उतारचढावबारे जन आकाश मिडिया प्रा.लि.का संवदादता बिनोद कार्कीसँग गरेको कुराकानी यस अंकमा यसरी प्रस्तुत गरिएको छ ।*

# आठ हजार लगानी गरेर मोडि्लङमा प्रवेश गरेकी बिनिता दाहालको अहिले दर्जनौ गीत चर्चामा

**कलाकारिता क्षेत्रलाई किन रोज्नु भयो ?**

मैले कलाकारिता क्षेत्रलाई रोज्नुको मुख्य कारण म मरेपछि मेरो नाम अमर रहोस् । म मर्दा मलामीको खाँचो नपरोस्, र मैले गरेको कामले मेरो जीवनलाई सम्झन योग्य बनाओस् भन्ने चाहनाले मैले कलाकारिता क्षेत्रलाई रोजे । यो उद्देश्यको लागि मैले आफ्नो जीवनका थुप्रै कठिन परिस्थितिहरूलाई पार गर्दै कलाकारिता यात्रा सुरु गरेको छु ।

**जिन्दगी भनेको के हो जस्तो लाग्छ तपाईलाई ?**

जिन्दगी भनेको एक प्रकारको संघर्ष हो जहाँ हामीले सुख र दुःखलाई समान रूपले स्वीकार्नं पर्छ । मानिसको जीवनमा धेरै उतारचढाव आउछन् । तिनीहरूलाई सामना गर्दै आफ्नो यात्रा अघि बढाउनु नै जीवन हो । मैले पनि कलाकारितामा धेरै मेहनत गरेको छु र मेरो जीवनमा पनि थुप्रै बाधा आइपरेका छन् । सबै कुरा भन्न सकिदैन् सोचे जसतो जिवन नहुने रहेछ ।

**तपाईंको जीवनमा सम्जिन लायक कुनै अविस्मरणीय क्षणहरू छन् ?**

मेरो जीवनमा धेरै अविस्मरणीय क्षणहरू छन् । खासगरी कलाकारितामा लाग्दा थुप्रै स्वार्थी र अवसरवादी मानिसहरू मेरो जिवनमा आए । "तिमीलाई ठूलो कलाकार बनाइदिन्छु , 'तिमीलाई राम्रो गीतमा अभिनय गराइदिन्छु जस्ता प्रलोभन देखाएरा मेरो फाइदा उठाउने व्यतिहरु धेरै नै भेटे मैले तर म कहिल्यै ती मानिसहरूको पछाडि लागिन मैले केवल मेरो मेहनत र कामको माध्यमबाट आफूलाई स्थापित गर्न चाहें । सायद आज ति मानिसको पछि लागेको भए आज यो क्षेत्रमा टिक्न सक्दिन थिए होला ।" भन्दै मोड्ल बिनिता दाहाल जन आकाश मिडियाले निर्माण गरेको संगीत खबर कार्यक्रममा आफ्नो भनाई प्रस्तुत गरिन् ।

# अवधारणापत्रका विषय पार्टी दस्तावेजमा समेटिनुपर्छ, समाज अराजकतर्फ उन्मुख हुँदैछ : ईश्वर पोखरेल



काठमाडौं- नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टीको एघारौं महाधिवेशनमा प्रस्तुत हुने आधिकारिक दस्तावेजमा आफ्नो समूहले तयार पारेको अवधारणापत्रका मुख्य विषय समेटिनुपर्ने बताएका छन् ।

सोमबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा अवधारणापत्र बुझाएपछि सञ्चारकर्मीसँग कुरा गर्दै पोखरेलले महाधिवेशन दस्तावेजमा सामूहिक नेतृत्व, पद्धति र विधिअनुसार पार्टी सञ्चालन, नियन्त्रण र सन्तुलनजस्ता विषय समावेश हुनेमा आफू विश्वस्त रहेको बताए । "पार्टीलाई कसरी सामूहिक नेतृत्वअन्तर्गत चलाउने, विधि र पद्धतिलाई कसरी बलियो बनाउने भन्ने विषयमा हामीले केही दृष्टिकोण प्रस्तुत गरेका छौं," उनले भने, "ती आवश्यकीय अंशहरू पार्टीको आधिकारिक दस्तावेजमा समेटिउन् भन्ने हाम्रो उद्देश्य हो ।"

अवधारणापत्रमा पोखरेलले पछिल्ला घटनाक्रमले नेपाली समाज अनियन्त्रित अराजकतर्फ उन्मुख हुँदै गएको संकेत गरेको उल्लेख गरेका छन् । उनले आम निराशा र असन्तोष आन्दोलनको रूप लिँदै गएको भन्दै यसको जड अर्थराजनीतिमा रहेका संरचनागत संकट रहेको बताए ।

"अर्थराजनीतिमा रहेको संरचनागत संकटले जनजीवनमा बहुआयामिक दुःख सिर्जना गरेको छ," अवधारणापत्रमा उल्लेख छ, "आम निराशा र असन्तोष त्यसकै अभिव्यक्ति हो ।"

उनले पछिल्लो समय गोंगबुको ल्होत्से मल घटना, चैत १५ गते तीनकुने-कोटेश्वर क्षेत्रमा भएको तोडफोड तथा भदौ २४ गतेका घटनालाई नेपाली समाजको नैतिक मूल्य र सांस्कृतिक बन्धन कमजोर बन्दै गएको संकेतका रूपमा व्याख्या गरेका छन् । वरिष्ठ उपाध्यक्ष पोखरेलले स्रोतमा पहुँचको विभेद, रोजगारीको अभाव, आर्थिक वृद्धिको न्यायोचित वितरण नहुनु र सुशासनको कमजोरीले समाजलाई अराजकतर्फ धकेलिरहेको टिप्पणी गरेका छन् । साथै, लगानी वातावरण कमजोर बन्दै गएको, वैदेशिक लगानी आकर्षण क्षीण भएको र पूँजी पलायनको जोखिम बढेको उल्लेख गरेका छन् ।

उनले सरकारमा रहँदा पनि एमालेले अर्थराजनीतिमा देखिएको संरचनागत संकटप्रति पर्याप्त हस्तक्षेप गर्न नसकेको स्वीकार गर्दै आत्मालोचना गर्नुपर्ने बताएका छन् । "लामो समयसम्म राज्य र सरकारको नेतृत्वमा रहेर पनि यी संकट समाधानतर्फ पर्याप्त ध्यान दिन नसकेकोमा हामीले आत्मालोचना गर्नुपर्छ," पोखरेलले भनेका छन् ।

अवधारणापत्रमा तीव्र विकासको बाटो लिन नसके नेपाललाई आफ्नो सार्वभौमसत्ता रक्षा गर्न कठिन हुने चेतावनी पनि दिइएको छ । छिमेकी देशहरू चीन र भारत आर्थिक तथा सामरिक प्रतिस्पर्धामा अघि बढिरहेको र नेपाल ती शक्तिहरूको भू-राजनीतिक चासोको केन्द्रमा रहेकाले विकासमा पछि पर्दा थप पराधीनताको जोखिम बढ्ने उनको विश्लेषण छ । "तीव्र विकासको मार्ग अवलम्बन गर्न नसके नेपालको सार्वभौमसत्ता र राष्ट्रिय स्वतन्त्रता झन् जोखिममा पर्न सक्छ," पोखरेलले अवधारणापत्रमार्फत निष्कर्ष निकालेका छन् ।

# प्रधानमन्त्रीलाई मिरज ढुंगानाले भने– सक्नु हुन्न भने राजीनामा दिनुहोस्

काठमाडौं । जेनजी अभियन्ता मिरज ढुंगानाले प्रधानमन्त्री सुशीला कार्कीलाई जेनजी आन्दोलनको अपमान नगर्न आग्रह गरेका छन् ।

जेनजी अभियन्ता प्रकाश शर्मालाई रिहाइ गर्न माग गर्दै जिल्ला प्रहरी परिसर काठमाडौं पुगेका उनले यस्तो आग्रह गरेका हुन् ।

उनले निर्वाचनपछिको सरकारले देशको विकासका लागि ठोस काम गर्ने अपेक्षा आफूहरूले नगरेको पनि बताए । पुराना दलका नेताहरूको सरकारमा पुनः आगमन हुने सम्भावनाप्रति उनले चिन्ता व्यक्त गरे ।

ढुंगानाले अन्तरिम सरकार देश विकासमा असफल भएको अवस्थामा प्रधानमन्त्री कार्कीले राजीनामा दिनुपर्ने माग गरे ।

अन्तरिम सरकार हाइज्याक भएको भन्दै जेनजीहरूको माग सम्बोधन नभएको ढुंगानाले बताए ।

ढुंगानाले भने, 'आन्दोलनपछि बनेको सरकारले पनि विकास गर्न सक्दैन भने कसैले सक्दैन । त्यही भएर आन्दोलनको बेइज्जत नगरिदिनुहोस् प्रधानमन्त्रीज्यू, तपाई बरु सक्नुहुन्न भने राजीनामा दिनुहोस् । बाँकी काम हामी सबै मिलेर गरौंला ।'

जेनजी युवा प्रकाश शर्माले पनि पछिल्लो समय आन्दोलनको माग सम्बोधन नगरेको भन्दै प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामाको माग गर्दै पर्चा टाँस्ने कार्यमा सहभागी भएको बताए ।

उनले शनिबार बेलुका पक्राउ परेको अनुभव साझा गर्दै अन्तरिम सरकार जेनजी आन्दोलनको आधारमा बनेको भए पनि आफूहरूको माग सम्बोधन नगरेको बताए ।

२३ भदौको आन्दोलमा भएको घटनाको छानबिन नगरी २४ भदौको आन्दोलनमा सहभागी भएका युवाहरूलाई मात्र प्रहरीले पक्राउ गरेको उनले आरोप लगाए ।

## रामेछाप डायरी

# रामेछापको जुनार पाकेर पहेंलपुर



रामेछाप- रामेछापका जुनार बगैंचाहरु यतिबेला जुनार पाकेर पहेंलपुर बनेका छन । हिउँदको सुरुवातसँगै गाउँ-गाउँका बगैंचामा जुनार पाकेर पहेंलपुर बनेपछि कृषकहरू जुनार टिपेर बजार पठाउनमा व्यस्त हुन थालेका छन् । वर्षैभरि मेहनत गरी हुर्काएको फल पाकेर झुलुक्क झुलेको देखिन्छ, जसले कृषकहरूको अनुहारमा खुशी थपिदिएको छ ।

रामेछापको सुकाजोर, गाईटार, ओखेनी, भालुखोप, हिमगंगा, फूलासी लगायत क्षेत्रका किसानले यस वर्ष समयमै वर्षा भएको र रोग-कीरा कम लागेको कारण उत्पादन राम्रो भएको बताएका छन । गत वर्षको तुलनामा यसपटक १०-१५ प्रतिशतसम्म बढी फल लागेको उनिहरुको भनाई छ । रामेछाप गरपालिका ७ का जुनार कृषक राम कुमार कार्की भन्छन,'यो वर्ष मौसम राम्रो भएकाले जुनार दाना ठूलो र रसिलो भएको छ । बजार मूल्य पनि राम्रो हुने अपेक्षा छ । स्थानीय स्तरमै खरिद गर्न आउने व्यापारीहरूको संख्यामा वृद्धि भएको छ ।'

जुनार उत्पादन रामेछापको एक महत्वपूर्ण आय-स्रोत बनेको छ । स्थानीय बगैंचाबाट उत्पादन हुने जुनार छिमेकी जिल्लाहरु सहित राजधानी काठमाण्डौं ,तराईका जिल्लाहरु सहित देशका मुख्य शहर तथा बजारमा ढुवानी हुने गरेको छ । पछिल्लो माग बढ्दै गएपछि किसानहरू अझ उत्साहित बनेका छन् ।

राष्टिय कृषि आधुनिकीकरण कार्यक्रम रामेछापका अनुसार जिल्लामा पछिल्ला वर्षहरूमा जुनार खेती विस्तार भइरहेको छ । रामेछापको रामेछाप नगरपालिका,मन्थली नगरपालिका र लिखु तामाकोशी गाउँपालिकामा अहिले व्यवसायिक रुपमा जुनार खेती भैरहेको छ ।

जिल्लामा केही किसानले परम्परागत खेती छोडेर व्यावसायिक तरिकाले बगैंचा विस्तार गरेका छन् । कार्यालयका कृषि प्राविधिक बल बहादर थापाका अनुसार रोग नियन्त्रण, मल व्यवस्थापन र आधुनिक तरिका अपनाएपछि पछिल्ला केही वर्षहरुमा जुनार उत्पादन बढेको छ । गत वर्ष जिल्लामा ६ सय ४० हेक्टर क्षेत्रफलमा खेती हुँदा ४ हजार मेट्रिक्टन जुनार उत्पादन भएको थियो । जुनार बेचेरै यहाँका किसानले २० करोड आम्दानी गरेका थिए । यस वर्ष जुनार उत्पादन अझ बढ्ने अनुमान गरिएको छ ।

जुनार पाकेर पहेंलपुर बनेसँगै गाउँ-बस्तीको वातावरण नै सुगन्धित र रमणीय बनेको हो । पर्यटक र स्थानीय युवाहरू बगैंचामा तस्बिर खिच्न आउने गरेको अगुवा जुनार कृषक शेर बहादुर तामाङ्गले बताए । रामेछापका जुनार बगैंचामा आएको सुनौलो चमकले किसानको मिहिनेत मात्र होइन, जिल्लाको अर्थतन्त्रमा पनि नयाँ ऊर्जा थपिदिएको छ । राष्टिय कृषि आधुनिकीकरण कार्यक्रम रामेछापले केही वर्ष यतादेखि किसानलाई अमिलो जातका फलफूल खेतीमा प्रोत्साहित गरेको छ । जसले गर्दा किसानहरू अमिलो जातका फलफूल खेतीमा लागेका छन् । कार्यालयले किसानलाई निःशुल्क प्राविधिक सहयोग, सिँचाई, बिरुवा, विषादीमा अनुदान तथा बजार व्यवस्थापनमा ५० देखी ७५ प्रतिसत सम्म सहयोग गर्दै आएको छ । कमदारको अभाव,सिँचाईको समस्याले पिरोल्ने गरेको किसानहरुले गुनासो गरेका छन ।

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत रामेछाप नगरपालिकामा पृथक कार्यक्रम

रामेछाप लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत रामेछाप नगरपालिकामा सोमबार देखि उपप्रमुख बाल कुमारी कार्की सहित स्वास्थ्यकर्मीको टिम वडा नं ९ ल्याङ्गल्याङ्ग पुगेको छ ।

सुत्केरी महिलाहरुलाई घिउ,तेल,बेबिकिट,गर्भवती महिलाहरुका लागि भिडियो एक्सरे सहितको सेवा र अपाङ्गता भएकाहरुका लागी ब्लाङ्केट कासेली लिएर सबै वडा पुग्ने अभियान सुरु भएको हो । वडा नं ८ र ९ का सुत्केरी महिलाहरुलाई घिउ,तेल र बेबिकिट वितरण गरिएको छ ।

रामेछाप अस्पतालका सिनियर मेडिकल अधिकृत डाक्टर सत्यम पाण्डे सहितको स्वास्थ्यकर्मी भेडियो एक्सरे मेसिन सहित वडामै पुग्नुभएको हो । गर्भवती महिला र बच्चाको अवस्था थाहा पाउन,अन्य विभिन्न स्वास्थ्य समस्याहरुको पहिचान गर्न र सुत्केरी महिलालाई पोषिलो खानेकुरा प्रदान गर्न सबै वडामा पुग्ने उपप्रमुख कार्कीले बताउनुभयो ।

जाडो महिना सुरु भैसकेकाले ग र घ वर्गका अपाङ्गता भएकाहरुलाई न्यानो कपडा ब्लाङ्केट वितरण गरिने उहाँले बताउनुभयो । ९ वटै वडामा पुगेर यो कार्यक्रम गरिने बताइएको छ ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान रामेछाप नगरपालिकाले हरेक वर्ष विभिन्न कार्यक्रम गरि मनाउँदै आएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २०,
२०८२ साल मंसिर २३ गते मंगलबार
9 DECEMBER 2025, TUESDAY

# सिएनआई र एसएसएफबीच श्रमिकको सुरक्षा सुदृढ गर्न समझदारी पत्रमा हस्ताक्षर



काठमाडौँ । नेपाल उद्योग परिसंघ (सिएनआई) र सामाजिक सुरक्षा कोष (एसएसएफ) बीच श्रमिकको सुरक्षा सुदृढ गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ । सिएनआई एसएसएफले उद्योग क्षेत्रमा सामाजिक सुरक्षाबारे जागरण बढाउन र श्रमिकलाई योजनामा आवद्ध गराउन प्रोत्साहन गर्न समझदारी गरेको हो ।

सोमबार परिसंघ सचिवालयमा परिसंघ र सामाजिक सुरक्षा कोषले संयुक्त रूपमा आयोजना गरेको सामाजिक सुरक्षाबारे अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमा उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो । यस सहकार्य अन्तर्गत नेपाल उद्योग परिसंघले आफ्ना सदस्य उद्योगहरूलाई सामाजिक सुरक्षा योजनामा जोड्न सहयोग गर्न, देशभर सचेतना कार्यक्रम संचालनमा गर्न, आवश्यक जानकारी उपलब्ध गराउन तथा श्रमीकका दीर्घकालीन हित सुनिश्चित गर्ने उद्देश्य रहेको जनाइएको छ ।

समझदारी पत्रमा परिसंघका तर्फबाट महानिर्देशक डा. घनश्याम ओझा तथा एसएसएफका तर्फबाट कार्यकारी निर्देशक कविराज अधिकारीले हस्ताक्षर गरेका छन् ।

कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले यो सहकार्य श्रमिक र उद्योग दुवैका लागि अत्यन्त महत्त्वपूर्ण भएको बताएका थिए ।उनले उद्योगीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै यो साझेदारीले सामाजिक सुरक्षा प्रणालीलाई अझ व्यवहारिक र पहुँचयोग्य बनाउन मद्दत गर्ने विश्वास व्यक्त गरेका थिए । त्यस्तै, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले सामाजिक सुरक्षा कोष श्रमिकको जीवन सहज र सुरक्षित बनाउने एक महत्वपूर्ण आधार भएको उल्लेख गर्दै यस समझदारीले सबै क्षेत्रका श्रमिक र रोजगारदाताको सक्रिय सहभागिता अभिवृद्धी गर्न र दर्ता प्रणालीमा समाहित हुन सहयोग गर्न महत्वपुर्ण भूमिका खेल्ने बताएका थिए ।

कार्यक्रममा परिसंघका उपाध्यक्ष भीम घिमिरेले सामाजिक सुरक्षा कोष कल्याण कार्यक्रम मात्र नभएर मानव पँजी विकासको मुख्य आधार रहेको बताएका थिए । उनले परिसंघले यस्ता सचेतना तथा अन्तरक्रिया कार्यक्रम प्रदेश स्तरमा पनि बृहत रुपमा संचालन गर्ने बताएका थिए ।

यस्तै, सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकरीले सामाजिक सुरक्षा प्रणालीलाई अझ सुदृढ बनाउँदै लैजान र श्रमिकका सुविधाहरूलाई विस्तार गर्दै लैजान यो सहकार्य महत्वपुर्ण रहेको बताएका थिए ।

# शेष घलेको शेराटनको दुई तलामा प्रेसिडेन्सियल सुइट, अरुभन्दा ठूलो र सुविधा सम्पन्न हुने

काठमाडौं । गैरआवासीय नेपाली शेष घलेको लक्जरियस होटल शेराटनमा दुई तलामा प्रेसिडेन्सियल सुइट हुने भएको छ ।

विदेशबाट आउने प्रधानमन्त्री, राष्ट्रपतिजस्ता उच्च पदस्थका सबै टोलीलाई राख्न मिल्नेगरी पूरै तला नै प्रिमियम सुइट तयार पार्न लागिएको हो ।

'दुई तलामा प्रेसिडेन्सियल सुइटको काम धमाधम भइरहेको छ । त्यो सुइट मुलुकमा रहेका फाइभ स्टार होटलभन्दा ठूलो र सुविधा सम्पन्न हुनेछ,' शेराटन होटल निर्माणमा संलग्न एक प्राविधिकले बिजमाण्डूसँग भने, '१५ र १६ तलामा रुम तयार भइरहेको छ ।'

नक्सालमा रहेको मेरियोटमा पनि प्रेसिडेन्सियल सुइट छ ।

मेरियोटको प्रेसिडेन्सियल सुइट २ हजार स्क्वायर फिटको छ । ९०१ रुम नम्बर रहेको यो कोठाको प्रति दिन मूल्य दुई लाख रुपैयाँ राखिएको छ । उनका अनुसार त्यो सुइटमा भीभीआइपी र सुरक्षाकर्मीका लागि कोठा, मिटिङ रुमसहित सबै सुविधा हुनेछ । 'देशभित्र रहेका फाइभ स्टारभन्दा ठूलो र कुनै कम्प्रमाइज नगरी लगानी गरिएको होटल हो । होटलमा ८ अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको छ,' ती प्राविधिकले भने, 'हामीले तयार पारिरहेको प्रेसिडेन्सियल सुइट अहिले काठमाडौंमा रहेका फाइभस्टार होटलको भन्दा सुविधा सम्पन्न र स्पेशका हिसाबले पनि धेरै ठूलो हुनेछ ।' शेष घले : मलाई ल्याण्ड र प्रोपर्टी खरिद गर्न मनपर्छ, बालुवाटारमा अर्को होटल ल्याउँछु

उनका अनुसार होटल निर्माणाधीन नै रहेकाले रुमको मूल्य अहिले तय भएको छैन । यो नेपालकै सबैभन्दा अग्लो १९ तले होटल हो । १२ वर्षअघि कान्तिपथमा ग्राउण्ड ब्रेक भएको होटलको निर्माण कार्य अन्तिम चरणमा





पुगेको छ । ती प्राविधिकका अनुसार १७० वटा कोठाको फिनिसिङको काम भइसकेको छ । 'डिसेम्बरभित्रै संचालनमा ल्याउने गरी होटल निर्माणलाई तीब्रता दिइएको थियो । तर, केही काम बाँकी रहेकाले होटल संचालनमा ल्याउन अझै केही महिना लाग्छ,' उनले भने, 'होटल निर्माणमा सानासाना चिजलाई समेत हेरिएकाले समय धेरै लागेको हो ।' होटलमा घलेले जेडब्लु मेरियोट ल्याउँदैछन् । मेरियोट अन्तर्गत रहेका ७ वटा लक्जरी ब्राण्ड मध्ये जेडब्लू एक हो । यो ब्राण्ड नेपालकै लागि पहिलो अन्तर्राष्ट्रिय लक्जरी हुनेछ ।

जेविलार्ड मेरियोटको अवधारणा अन्तर्गत रहेको यो लक्जरी ब्राण्ड विश्वभर ३५ मुलुकमा फैलिएको छ । जसअन्तर्गत १०० वटा भन्दा बढी होटल संचालित छन् ।

अहिले नेपालमा प्रिमियममा मेरियोट काठमाडौं छ भने सेलेक्ट अन्तर्गत फेयरफिल्ड र अलोफ्ट छन् । भूकम्प, नाकाबन्दी, कोभिड लगायत कारण समयमा काम नहुँदा होटलको लागत बढेको छ ।

घलेले शेराटनका साथै भक्तपुरको घ्याम्पेडाँडामा ६ अर्ब रुपैयाँमा लक्जरियस रिसोर्ट निर्माण गर्न थालिसकेका छन् ।

उनी समिट होटलका संस्थापक अमृतरत्न शाक्यसँग मिलेर सय रोपनी क्षेत्रफलमा निर्माण सुरु भएको होटल तीन वर्षभित्र संचालनमा ल्याउने योजनामा छन् । ती प्राविधिकका अनुसार घ्याम्पेडाँडामा होटल निर्माणलाई विस्तारै अघि बढाइएको छ । घलेले बालुवाटारमा कमर्सियल कम्प्लेक्ससहित होटल बनाउन जग्गा किनिसकेका छन् ।

# एनसेलको मोबाइल नम्बर अब ९७१ बाट सुरु, अनुमति पाएको ७ महिनापछि गर्न थाल्यो वितरण




काठमाडौं । एनसेलले ग्राहकको सुविधाका लागि सोमबारबाट नयाँ रेञ्ज ९७१ बाट सुरु हुने मोबाइल नम्बर उपलब्ध गराउन थालेको छ ।

एनसेलले नेपाल दूरसञ्चार प्राधिकरणको राष्ट्रिय नम्बरिङ वितरण योजना अनुरुप नयाँ रेञ्जबाट सुरु हुने नम्बर दिन थालेको हो । 'आवश्यक तयारी पश्चात नयाँ रेञ्जका नम्बर वितरण गर्न थालिएको छ । साधारण सञ्चार सेवाबाहेक डिजिटल कारोबार र विभिन्न सेवा मोबाइलमार्फत नै लिने क्रम बढिरहेको हालको अवस्थामा नयाँ नम्बरले उपभोक्ताका साथै सेवाप्रदायकलाई समेत लाभ प्रदान गर्नेछ,' एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपङ् दत्तले भने । प्राधिकरणले ९८०, ९८१, ९८२, ९७० मार्फत सेवा प्रदान गर्नका लागि मोबाइल नम्बर अपुग भएकोले गत जेठमा नयाँ रेञ्जबाट नम्बर प्रदान गर्न एनसेललाई अनुमति दिएको थियो । एनसेलले प्रत्यक्ष अथवा अप्रत्यक्षरुपमा मोबाइल प्रणालीमा आवद्ध भई विभिन्न प्रकारका सेवा तथा सुविधा प्रदान गर्ने सरकारी तथा गैरसरकारी संस्था, सेवा प्रदायक कम्पनी, कार्यालय, बैंक तथा वित्तीय संस्थालाई नयाँ नम्बर रेञ्ज आ-आफ्नो प्रणालीमा इन्ट्रिगेट/अपडेट गर्न आग्रह गरेको छ । चुस्त सेवा प्रवाहका लागि सेवा प्रदायकहरुले आफ्नो प्रणालीमा नयाँ नम्बर रेञ्ज इन्ट्रिगेट/अपडेट गर्न आवश्यक हुन्छ ।

# ९ गतेदेखि विराट ट्रेड एक्स्पो २०२५ हुने, २ लाख बढीले अवलोकन गर्ने अनुमान

मोरङ उद्योग व्यापार संघको आयोजनामा पुस ९ गतेदेखि १९ गतेसम्म विराट ट्रेड एक्स्पो २०२५ हुने भएको छ ।

संघले विराटनगर शान्तीचौकमा रहेको जिल्ला प्रहरी कार्यालयसँगै ' विराट ट्रेड एक्स्पो२०२५' (अन्तर ाष्ट्रियस्तरीय कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी) को आयोजना गर्ने तयारी गरिरहेको जनाएको हो ।

जेन्जी आन्दोलनपछि उत्पन्न भएको शिथिल तथा अनिश्चित आर्थिक गतिविधिलाई चलायमान बनाउनुका साथै स्वदेशी उद्योग र व्यवसायको प्रवर्धन, नेपाल व्यापार रणनीति अन्तर्गत पहिचान गरिएका यस प्रदेशका अधिकांश वस्तुहरु सहित अन्तर प्रादेशिक उत्पादन र सेवाहरुको राष्ट्रिय/अन्तर्राष्ट्रिय बजार विस्तार, स्वदेशी एवं विदेशी लगानीकर्ताहरु बीच व्यवसायीक सम्बन्ध र सहकार्य स्थापना गर्नु एक्स्पोको उद्देश्य रहेको छ ।

यस्तै, कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार लगायत कैयौँ प्रवर्धनात्मककार्यहरु गराउन, औद्योगिक र व्यवसायिक क्षेत्रको विकास एवं प्रवर्धनार्थ विशेष सहयोग पुऱ्याउन संघले यस वर्ष पनि सो एक्स्पो संचालन गर्न लागेको जनएको छ ।

साथै, यस वर्षको एक्स्पोले नयाँ र विद्यमान उत्पादन र सेवाहरु प्रदर्शन गर्न, स्वदेशी र विदेशी उत्पादनहरु प्रदर्शन गर्न, बिक्री गर्न र व्यापार र लगानीको सम्भावनाहरु बारे छलफल गर्ने उत्कृष्ट थलो हुने आशा आयोजकको छ ।

साथै, उत्पादक तथा वितरकहरुलाई आफ्ना उत्पादन र सेवाहरुको प्रदर्शनी एवं देश र विदेशमा आफ्नो बजार विस्तार र विविधीकरण गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास पनि लिइएको छ ।

मोरङ-सुनसरी आर्थिक करिडोरको प्रवर्द्धन, विकास, वृद्धि र अर्थतन्त्रलाई पुनःप्राप्तिगर्ने मुख्य उद्देश्यले आयोजना गरिने यस पटकको मेलामा जर्मन प्रविधिको ह्याङगर, अक्टानम सहितको करिब २३० स्टल मार्फत नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगहरुका अतिरिक्त प्रदेशका महत्व झल्किने कला-संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्य, कृषिजन्यतथाऔद्योगिक उत्पादनहरुको प्रदर्शनी रहनेछ । साथै, भारत, बंगलादेश, पाकिस्तान लगायतका देशमा उत्पादित वस्तुहरुको उत्पादनकर्ता र उपभोक्ताबीच सुमधुर सम्बन्धकायम गराइने पनि आयोजकले जनाएको छ । यस एक्पोमा मुख्य प्रायोजकको रुपमा रमपम तैयारी चाउचाउ र मारुतीसिमेन्ट संयुक्त रुपमा रहनेछन् । साथै, एक्स्पोमा दर्शकहरुलाई मनोरञ्जन प्रदान गर्न विभिन्न राष्ट्रिय व्याण्डको साँस्कृतिक कार्यक्रम र विभिन्न मनोरञ्जनात्मक सामाग्रीहरु, सेल्फीजोन, किड्स जोन, फिस तथा जलपरी टनेल आदी रहनेछ । करिब दुई लाख दर्शकले मेला हेर्ने अनुमान गरिएको छ ।


# हार्दिक श्रद्धाञ्जली



जन्म
२००८/०९/१५

## स्व. सेते लामा

स्वर्गारोहण
२०८२/०७/०६

हाम्रा यस जन आकाश मिडियाका शुभचिन्तक निर्माण व्यवसायी, समाजसेवी सेते लामाको ७३ बर्षको उमेरमा असामयिक निधन भएकोले आज ४९ औं दिनको पून्य तिथिमा दिवंगत आत्मको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं ।

**मोहन कार्की**
**अध्यक्ष**
**जन आकाश मिडिया प्रा.लि. परिवार**

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



## खेलकुद

# पहिलो खेलमा अभिषेक पराजित



काठमाडौं – नेपाली प्रो टेनिस खेलाडी अभिषेक बास्तोला भियतनाममा भइरहेको यूटीआर प्रो टेनिस टुरअन्तर्गत फान थिएट टेनिस च्याम्पियनसिपको पहिलो खेलमा पराजित भएका छन् ।

उनी पहिलो खेलमा आयोजक भियतनामका फाम ला होआङ आनसँग प्रतिस्पर्धात्मक खेलमा पराजित भए । उनले २-१ को सेटमा खेल गुमाएका थिए । समूह 'बी' रहेका अभिषेकले पहिलो सेट ७-६ (८-६) ले टाइब्रेकरमा गुमाए पनि दोस्रो सेटमा पुनरागमन गर्दै ६-४ सेट जितेर खेल बराबरी गरेका थिए । अन्तिम तथा निणायक सेट उनले ६-४ ले गुमाए ।

पीटीटी वरीयताका आधारमा अभिषेकले यस च्याम्पियनसिप खेल्न अवसर पाएका हुन् । समूह 'बी' मा उनीसहित ५ खेलाडी रहेका छन् । राउन्ड रोबिनका आधारमा उनीहरूले एकअर्काविरुद्ध खेल्नेछन् । उनले अब भारतका आर्यन लक्ष्मण, चेक गणतन्त्रका डोमिनिक पलान र भारतकै राघवसँग खेल्नेछन् ।

# ५० वर्षपछि योगा हिटीमा खस्यो पानी, अमेरिकाको एएफसीपी कोषद्वारा जीर्णोद्वार

काठमाडौं- महानगरको वडा नम्बर २१ यंगालको यैँगा हिटीमा ५० वर्षपछि पहिलोपटक पानी खसेको छ ।

अमेरिकी दूतावासले वर्ल्ड मोनुमेन्ट्स फन्ड र चिभा चैत्य अर्गनाइजेसनसँगको साझेदारीमा यैँगा हिटीको जीर्णोद्धार गरेको छ ।

कार्यवाहक अमेरिकी राजदूत जेसन मिक्सले सांस्कृतिक संरक्षण र आर्थिक वृद्धिका लागि अमेरिकी सहयोग निरन्तर रहने बताए ।

काठमाडौं महानगरकी उपप्रमुख सुनिता डंगोल शनिबार खुसी थिइन् । उनको जन्मथलो पर्ने महानगरको वडा नम्बर २१ स्थित यंगालको यैँगा हिटी (ढुंगेधारा) मा पहिलोपटक कलकल पानी आएको थियो ।

पानी लिन ग्यालिन बोकेर जानुपर्ने बाल्यकाल उनले सम्झिइन् । उनलाई अहिले पनि याद छ, सानो हुँदा यंगालले पानीको समस्या निकै झेलेको थियो । बाटो हिँड्दा पनि उनले यैँगा हिटी सँधै बन्द रहेको र बेवास्ता गरिएको स्थान जस्तो देखेकी थिइन् ।

शनिबार पहिलोपटक घर नजिकैको हिटीमा खसेको पानी देख्दा उनले फोटो खिचाइन् र बाल्यकाल स्मरण गरिन् । उनीजस्तै, यंगालका स्थानीय बासिन्दा हिटीमा पानी आउन थालेपछि औधी खुसी छन् ।

लिच्छविकालिन उक्त हिटीमा ५० वर्षपछि पहिलोपटक पानी खसेको छ । वरपरका अग्ला कंक्रिटको घरले घेरिएको हिटीका ३ वटा धारामा अहिले पानी आइरहेको छ । लामो समयपछि पुनर्जीवन पाएको उक्त हिटीको पुननिर्माण सम्पन्न खुसी भएको खुसीमा शनिबार यंगालमा उत्सवको माहोल थियो ।

काठमाडौँस्थित अमेरिकी दूतावासले वर्ल्ड मोनुमेन्ट्स फन्ड र चिभा चैत्य अर्गनाइजेसनसँगको साझेदारीमा उक्त हिटीको जिर्णोद्धार गरेको थियो । अमेरिकाको राजदूत सांस्कृतिक संरक्षण कोष (एएफसीपी) को अनुदानमार्फत गरिएको सहयोगमा यो परियोजना सफल भएको हो ।

उपमेयर डंगोलसहित स्थानीय अगुवा र सरकारी अधिकारीसँग सहभागी हुँदै कार्यवाहक अमेरिकी राजदूत जेसन मिक्सले ५० वर्षमा पहिलोपटक हिटीमा पानी खस्नु सार्थक उपलब्धि रहेको बताए ।

सो अवसरमा बोल्दै मिक्सले नेपालको सांस्कृतिक सम्पदाको सुरक्षा गर्न, पर्यटन क्षेत्रमा नेपाली तथा अमेरिकी आगन्तुक तथा व्यवसायलाई लाभ पुऱ्याउने आर्थिक वृद्धिलाई बढवा दिन अमेरिकी सहयोग निरन्तर रहने बताए । 'सांस्कृतिक सुरक्षा र उत्थानशिलताले दुवै मुलुकको साझा भविष्यलाई बलियो बनाउनेछ' कार्यवाहक राजदूत मिक्सले भने । उनले जीर्णोद्धार गरिएको उक्त परियोजनालाई सम्भव बनाएका साझेदारलाई धन्यवाद ज्ञापन गरे ।

"यैँगा हिटीको जीर्णोद्धार केवल एउटा सम्पदा स्थलको मर्मत कार्य मात्र नभई १५ सय वर्षभन्दा अघिदेखि यो समुदाय र नेपाल राष्ट्रकै सेवा गर्दै आएको एउटा जीवन्त जलस्रोत प्रणालीको नवीकरण पनि हो' उनले भने, 'अमेरिका र नेपालबिचको मजबुत र चिरस्थायी साझेदारीप्रति अमेरिकी दूतावास प्रतिबद्ध रहेको छ । हामी सांस्कृतिक संरक्षण, सामुदायिक उत्थानशीलता र दुवै देशको समृद्ध भविष्यलाई सहयोग पुऱ्याउन जारी राख्नेछौं ।'

सो जीर्णोद्धार कार्य काठमाडौं उपत्यकाका हिटी र जलसम्पदा पुनर्स्थापना परियोजना" को एक हिस्सा रहेको दूतावासले जनाएको छ । यो प्रोजेक्टको लागि २ लाख ७५ हजार अमेरिकी डलर बराबरको एएफसीपी अनुदान सहयोग प्रदान गरिएको थियो ।

उक्त परियोजनाले काठमाडौं उपत्यकामा कम्तीमा ३ वटा परम्परागत हिटीहरूको जीर्णोद्धार गर्ने, विद्यार्थी र सम्पदा पेसाकर्मीलाई व्यावहारिक तालिमका अवसर प्रदान गर्ने र दीर्घकालीन संरक्षण योजना निर्माणमा मद्दत गर्ने लक्ष्य लिएको जनाइएको छ ।

यैँगा हिटी एक वर्ष लामो मिहिन अध्ययन, अभिलेखीकरण र जीर्णोद्धारपश्चात् सम्पन्न गरिएको पहिलो स्थल हो । हिटीको जीर्णोद्धार यैँगा क्लब, चिभा चैत्य अर्गनाइजेसन, पुरातत्व विभाग र स्थानीय तथा प्रदेश सरकारहरूसँगको बलियो सहकार्यमार्फत भएको हो ।

सन् २००३ यता, एएफसीपीमार्फत अमेरिकी सरकारले नेपालमा २८ वटा सांस्कृतिक संरक्षण परियोजनामा झन्डै ४६ लाख अमेरिकी डलरको सहयोग गरेको छ, जसले नेपाललाई एएफसीपी कार्यक्रमको सबैभन्दा सक्रिय र महत्ववपूर्ण साझेदार मध्ये एक बनाएको पनि छ ।

उक्त कार्यक्रममा काठमाडौं महानगर उपप्रमुख डंगोलले काठमाडौंमा रहेका यस्ता धेरै हिटीको पुनर्स्थापना जरुरी रहेको बताइन् । नयाँ पुस्तामा हिटी पुनर्स्थापनाको चेतना जरुरी रहेको बताउँदै उनले महानगरले मूर्त र अमूर्त सम्पदालाई संरक्षण गर्ने कार्यको थालनी गरेको बताइन् ।

'सम्पदालाई जीवित तुल्याउन स्थानीय समुदाय जागरुक हुनु जरुरी छ । त्यसपछि दिगो विकास हुनसक्छ' उनले भनिन् । पुरातत्व विभागकी महानिर्देशक सौभाग्य प्रधानाङ्गले सम्पदामैत्री संरचना बनाउन जरुरी रहेको बताइन् । येंगा हिटीको उत्खनन गर्दा त्यहाँ लिच्छविकालिन र विभिन्न समय दर्शाउने शिलालेख, पौवाका भित्ता, भूमिगत पानी र पाइप भेटिएको उनले बताइन् ।

'सम्पदा संरक्षण सबैको दायित्व हो । संरचना बनाउँदा पनि इकोलोजी, भौगर्भिक स्थिती र परम्परागत सीपलाई मिलाएर गर्नंपर्छ' उनले भनिन् । लिच्छविकालिन उक्त हिटीलाई अझै पुननिर्माण गर्न बाँकी रहेको बताउँदै यसको लागि आफूहरूले काम गरिरहेको बताइन् ।

सो अवसरमा हिटी सम्बन्धी पुस्तक सार्वजनिक गरियो । साथै, २० जना कलाकारले तयार पारेका हिटी, पानीसँगको सम्बन्ध र कला दर्शाउने पेन्टिङ कला प्रदर्शनीमा राखिएको थियो, जसलाई अतिथिले अवलोकन पनि गरे ।

# काभ्रेपलाञ्चोकमा सुन्तला उत्पादन १० प्रतिशतले बढ्ने प्रक्षेपण



काभ्रेपलाञ्चोक- यसवर्ष काभ्रेपलाञ्चोकमा सुन्तला उत्पादनमा १० देखि १५ प्रतिशतसम्म बढ्नसक्ने प्रक्षेपण गरिएको छ ।

गत वर्ष भने बाढीपहिरोका कारण जिल्लाको सुन्तला उत्पादनमा करिब सात प्रतिशतले गिरावट भएको थियो ।

जिल्ला कृषि विकास कार्यालयले गत वर्षका गिरावटलाई उकास्दै केही प्रतिशत बढ्ने जनाएको हो । कार्यालयले सुन्तला पकेट क्षेत्रमा उत्पादनको लगत लिइरहेको कार्यालय प्रमुख कुलप्रसाद दवाडीले बताए ।

उनका अनुसार प्रारम्भिक लगतका हिसाबले गत वर्षकोभन्दा १० देखि १५ प्रतिशतसम्म सुन्तला उत्पादन बढ्नसक्ने प्रक्षेपण गरिएको छ ।

'सुन्तलाखेती प्रवर्द्धनका लागि स्थानीय तहको पनि सहयोगले गर्दा यस वर्ष उत्पादन बढ्ने देखिएको हो', दवाडीले भने ।

बेथानचोकका अधिकांश बगैँचामा पुराना बोट भएकाले सुन्तला उत्पादन केही घटेको उनको भनाइ छ ।

जिल्लामा अघिल्ला वर्षमा विविध कारण दुई प्रतिशतले गिरावट हुँदै आएको सुन्तला उत्पादन गत वर्ष बाढीपहिरोका कारण बगैँचामा क्षति पुऱ्याउँदा सात प्रतिशतले गिरावट भएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार जिल्लामा २०८१ मा सात हजार ५०० मेट्रिकटन सुन्तला उत्पादन हुने प्रक्षेपण गरिए पनि बाढीपहिरोका कारण बगैँचामा क्षति पुऱ्याउँदा ५०० मेट्रिकटन गिरावट भएको हो ।

जिल्लाको कूल क्षेत्रफलमध्ये करिब एक हजार ३०० हेक्टर अर्थात् करिब ३० हजार रोपनी क्षेत्रफलमा सुन्तलाखेती हुँदै आएको छ । यस वर्ष भने करिब आठ हजार मेट्रिकटन सुन्तला उत्पादन हुने जनाइएको हो ।

गत वर्ष विभिन्न स्थानमा सञ्चालन गरिएको सुन्तला सुधार कार्यक्रमले सुन्तला राम्रो फल्नेमा विश्वस्त रहेको दवाडीले बताए । अघिल्ला वर्षमा भने रोगकिराका कारण लगातार सुन्तला उत्पादनमा दुई प्रतिशतको हाराहारीमा गिरावट हुँदै आएको कार्यालयको तथ्याङ्कले देखाएको छ । तथ्याङ्कअनुसार केही वर्षअघिसम्म जिल्लामा वार्षिक रु ४० करोडभन्दा बढी सुन्तला बिक्रीबाट भित्रने गर्दथ्यो ।

सुन्तला उत्पादनका लागि जिल्लाको पनौती नगरपालिका, धुलिखेल नगरपालिका, नमोबुद्ध नगरपालिका र बेथानचोक गाउँपालिकालाई विशेष पकेट क्षेत्रको मानिने गरिन्छ । जिल्लामा सुन्तला जोगाउन किसान जागरण अभियान तथा सुन्तला सुधार कार्यक्रमले सुन्तला उत्पादन बढाइने लक्ष्य लिइएको थियो ।

सुन्तला प्रवर्द्धन कार्यक्रमअर्न्तगत बगैँचाका बोट सुक्ने, मर्ने तथा फलको गुणस्तरमा कमी आउनेजस्ता समस्या किसानले भोग्नु नपरोस्, सुन्तलाजात फलफूलको स्वस्थ बगैँचाबाट राम्रो उत्पादन दिँदै आइरहेकामा केही वर्षपछि उत्पादन घट्ने र बगैँचा अनुत्पादित भएर बोट मर्नसक्ने भएकाले किसानलाई समयमै जानकारी गराउन विभिन्न स्थानमा तालिमको आयोजना गरिएको दवाडीले बताए । दवाडीका अनुसार जागरण अभियानमा बगैँचा स्थानको भौगोलिक विशेषता, स्याहारसम्भार, मलजल, रोगकिरा आदि राम्रो व्यवस्थापन गरे किसानले सुन्तलाखेतीबाट राम्रो लाभ लिनसक्ने भएकाले सुन्तला जात फलफूल बगैँचामा देखापर्ने यसप्रकारका समस्याका कारण यस क्षेत्रमा किसान सचेतीकरण र उपचार गर्न जागरण कार्यक्रम अघि सारिएको थियो ।

सुन्तालको फल झर्ने समस्या न्यूनीकरणका लागि किसानलाई किटनाशक औषधि र बिरुवाका लागि प्रोटिन-ब्रेटसमेत वितरण गरिएको थियो ।

यस्तै, कार्यालयले पछिल्ला वर्षसम्म सुन्तलाका लागि प्रख्यात काभ्रेपलाञ्चोकको सुन्तला बगैँचामा स्थलगत अनुगमनका क्रममा 'सुक्ष्म खाद्यत्व'को अभाव देखिएको पाइएपछि जिल्लास्थित सुन्तला पकेट क्षेत्रका बगैँचामा पुर्नजागृत गराउन विभिन्न स्थानका पुरानो बगैँचामा सुन्तलाको बोटमा उपचार गरेको थियो ।

पुराना बोट भए पनि समस्याग्रस्त सुन्तला बगैँचाका सुन्तलाको बोट काटेर नष्ट गर्नंको सट्टा सामान्य काटछाँट गर्ने, ऐजेरु हटाउने र चुन तथा निलोतुथोको प्रयोग गरी पुराना बोटलाई उत्पादनशील अवस्थामा फर्काउन पुराना सुन्तला बोटको उपचार गरिएको हो ।

कार्यालयका अनुसार सुन्तलाका बोटको उपचारअघि जिल्लाभर करिब २० प्रतिशतमा औँसा किराको प्रकोप देखिएको थियो । यसका कारण बोटमा रहेका सुन्तलामध्ये १० प्रतिशत कुहिएर झर्ने गर्दथ्यो ।

# मर्मतपछि आंशिक सञ्चालनमा आयो रसुवागढी हाइड्रो



काठमाडौं । गत असार २४ गते बिहान चीनको तिब्बतबाट बग्ने ल्हेन्दे खोलामा आएको बाढीले क्षति पुऱ्याएको रसुवागढी जलविद्युत आयोजना आंशिक सञ्चालनमा आएको छ ।

हेडवर्क्सको मर्मतपछि अस्थायी रुपमा नदीबाट पानी पथान्तरण (डाइभर्सन)गरी विद्युतगृहमा रहेका तीनवटा युनिटमध्ये एउटा युनिट शनिबारबाट सञ्चालनमा ल्याइएको हो । बाँकी दुईवटा युनिट एक महिनाभित्र संचालनमा ल्याउने र हेडवर्क्स क्षेत्रको बाँकी मर्मत कार्य आगामी वर्षायाम अगाडि नै सम्पन्न गर्ने गरी पुनर्निर्माणको काम भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले जानकारी दिए ।

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युतको अगुवाइमा रसुवामा निर्माण भएको १११ मेगावाट क्षमताको आयोजनाको एउटा युनिटबाट ३७ मेगावाट विद्युत उत्पादन हुन्छ ।

कार्यकारी निर्देशक सिलवालले प्राधिकरण, चिलिमे र रसुवागढी हाइड्रोपावर कम्पनीका पदाधिकारी तथा कर्मचारीको अथक प्रयास र मेहनतबाट क्षति पुर्याएका संरचनाको मर्मत गरी आयोजना सञ्चालनमा ल्याउन सफल भएको उल्लेख गरे । उनले भने, 'आयोजनाबाट विद्युत उत्पादन सुरुभएपछि हिउँदयामको विद्युत माग व्यवस्थापन गर्न केही सहज हुनेछ ।'

बाढीले आयोजनाको हेडवर्क्स क्षेत्रमा पानीसँग बगेर आउने काठ, झार, बोटबिरुवाजस्ता वस्तु रोक्ने मेसिन, गेटलगायतका उपकरण बगाएको थियो । हेडवर्क्स नियन्त्रणलगायतका भवनमा दुई मिटरभन्दा बढी लेदो थुप्रिएको थियो । हेडवर्क्समा ठूल्ठूला ढुंगा आएका थिए र पानीलाई सुरुङतर्फ पठाउन बनाएका संरचना भत्किएका थिए । साथै, विद्युत उत्पादनपछि नदीलाई पानी पढाउन प्रयोग हुने टेलरेसबाट पानी बसेर टर्बाइन रहेको तला पूर्ण रुपमा डुबेको थियो ।

उक्त दिन जलविद्युत आयोजनामा कार्यरत २२ जना कर्मचारीहरुलाई हेडवर्क्स क्षेत्र र आवास क्षेत्रबाट सेनाको हेलिकोप्टरबाट उद्धार गरिएको थियो । कर्मचारी आवास क्षेत्र पूर्णरुपमा बगाएको थियो ।

बाढीका कारण आयोजनालाई मात्र नभई स्याफ्रुबेंसीबाट आयोजना स्थलसम्म जाने मुख्य राजमार्ग पहिरोबाट विभिन्न ठाउँमा अवरोध भएको थियो । साथै नेपाल-चीन जोड्ने मितेर पुल पनि बगेको थियो । पुल निर्माण चिनियाँ पक्षले गरिरहेको छ ।

रसुवागढी जलविद्युत् आयोजनाबाट १६ पुस २०८१ बाट व्यवसायिक रुपमा विद्युत उत्पादन सुरु भएको थियो । तर, असारमा आएको बाढीले क्षति पुर्याएपछि आयोजनाबाट विद्युत उत्पादन बन्द थियो ।

आयोजना पूर्णरुपमा सञ्चालनमा आएपछि वार्षिकरुपमा ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत उत्पादन हुने र उक्त विद्युत बिक्रीबाट वार्षिक ३ अर्ब २५ करोड रुपैयाँ आम्दानी हुने कम्पनीले जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २०,
२०८२ साल मंसिर २३ गते मंगलबार
9 DECEMBER 2025, TUESDAY

# हेटौंडा सडक विस्तार कार्य तत्कालका लागि स्थगित

हेटौंडा । सडक डिभिजन हेटौंडाले बजारको मुख्य सडक विस्तार कार्य तत्कालका लागि स्थगित गरेको छ ।

हेटौंडा उपमहानगरभित्र पर्ने राष्ट्रिय लोकमार्गहरूको सडक सीमा संरक्षण कार्यक्रम, २०८२ लाई सर्वोच्च अदालतको उत्प्रेषण आदेशका कारण स्थगित गरिएको सडक डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले जानकारी दिए ।

सडक डिभिजनले शनिबार एकैदिन करिब ५०० वटा घर भत्काएको थियो । भत्काइएको घरबाट सामन निकाल्न दुई दिनको समय दिइएको उनले बताए ।

‘सडक सीमा संरक्षण अभियानको क्रममा प्रकाशित सूचनाका विरुद्ध केही सरोकारवालाहरूबाट सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन पेसभई सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०८/१९ मा जारी उत्प्रेषण आदेश मिति २०८२/०८/२१ गते, दिनको १२:४६ मा म्याद तामेल भएकोले सम्मानित अदालतको आदेशलाई सम्मान गर्दै सूचनामा उल्लेख गरिएका कार्यहरू हाललाई स्थगन गरिएको व्यहोरा अनुरोध




छ,’ डिभिजन प्रमुख अधिकारीले भने । सर्वोच्च अदालतले हेटौंडाको सडक विस्तार सम्बन्धी सूचना कार्यान्वयन नगर्न १९ मंसिरमा उत्प्रेषण आदेश दिएको थियो ।

पूर्व प्रतिनिधिसभा सदस्यसमेत रहेकी स्थानीय विन्दवासिनी कंसाकारले दायर गरेको रिटमा अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले शुक्रबार सडक विस्तारको सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, राख्न लगाउनु भन्दै सडक डिभिजन कार्यालय हेटौंडाको नाममा आदेश दिएको हो ।

उनले अन्तरिम आदेश माग गर्दै गत १६ मंसिरमा सडक डिभिजनविरुद्ध रिट दायर गरेकी थिइन ।

सडक डिभिजनले गत ५ मंसिरमा महेन्द्र राजमार्गको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्मको सडक सीमा २५/२५ गज (७५/७५ फिट) विस्तारका लागि भन्दै सडक सीमाभित्रका घरटहरा, संरचना हटाउन १५ दिने अल्टिमेटम दिँदै सूचना निकालेको थियो ।

‘यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सो समेत खुलाइ यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र प्रत्यर्थी नं. १, ३, ४, ५ र ६ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रत्यर्थी नं. २ को हकमा आफैं वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नू,’ आदेशमा भनिएको छ ।

अदालतले अन्तरिम आदेश माग भएको सन्दर्भमा विचार गर्दा निवेदकहरूको बसोबास र सम्पत्ति हकको विषय निवेदनमा उठाइ आएकोले विषयवस्तुको प्रकृति हेर्दा अन्तरिम आदेश जारी हुने वा नहुने के हो, दुवै पक्षहरू राखी छलफल गरी निष्कर्षमा पुग्नु मनासिब देखिएको जनाएको छ । छलफलका लागि २६ मंसिरमा पेशी तोकिएको छ । ‘छलफल भई अन्तरिम आदेश जारी हुने नहुने विषय टुंगो नलागेसम्म प्रत्यर्थी संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं, सडक डिभिजन हेटौंडा, मकवानपुरको मिति २०८२/०८/०५/ को सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, राख्न लगाउनू,’ आदेशमा भनिएको छ ।

## अन्तराष्ट्रिय

# शान्ति वार्तामा हस्ताक्षर गर्न जेलेन्स्की तयार छैनन् : ट्रम्प

एजेन्सी – अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदमेर जेलेन्स्की शान्तिवार्ताका लागि इच्छुक नरहेको आरोप लगाएका छन् । अमेरिका र युक्रेनी प्रतिनिधिमण्डलबीच मियामीमा तीन दिन चलेको वार्ता शनिबार सम्पन्न भएको थियो ।

वार्तापछि ट्रम्पले शान्ति प्रस्तावमा हस्ताक्षर गर्नका लागि जेलेन्स्की तयार रहेको बताए । अमेरिकाले रुस-युक्रेन युद्ध अन्त्यका लागि लागि निकै मेहिनत गरेको भएपनि जेलेन्स्कीले यसमा साथ नदिएको उनको आरोप छ ।

आइतबार राति पत्रकारहरुसँग कुराकानी गर्दै ट्रम्पले युक्रेनी राष्ट्रपति जेलेन्स्कीले वार्तालाई रोकेर राख्न खोजेको आरोप लगाए । ‘राष्ट्रपति जेलेन्स्कीले अहिलेसम्म प्रस्ताव नै पढेका छैनन् । यसले मलाई थोरै दुखी तुल्याएको छ । उनका जनता शान्ति प्रस्तावलाई रुचाउँछन् । मेरो बुझाईमा रुसले पनि रुचाउँछ । तर, म विश्वस्त हुन सकिरहेको छैन कि जेलेन्स्की पनि यसलाई रुचाउँछन् । उनी यसका लागि तयार भइसकेका छैनन् ।’

यता अमेरिकाले राम्रो नियत राखेर शान्ति वार्ताका लागि प्रयास गरिरहेको भन्दै जेलेन्स्कीले सराहना गरेका छन् । युक्रेनले अमेरिकासँग मिलेर काम गर्ने उनले बताएका छन् । युक्रेन सधैं शान्तिको पक्षमा रहेको पनि उनले बताए ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अहिलेसम्म् ह्वाइटहाउसको शान्ति योजनालाई सार्वजनिक रुपमा स्विकारिसकेका छैनन् । गत साता उनले ट्रम्पको प्रस्ताव काम लाग्दो नरहेको समेत बताएका थिए ।

रुस र युक्रेनबीचका पछिल्ला वार्ता प्रयासहरु भूमी र सुरक्षा वातावरणको सवालमा गएर अड्किएका छन् । युद्धमा कब्जा गरेका भूभाग आफुसँगै रहनुपर्ने रुसको माग छ । जसलाई युक्रेनले स्विकारेको छैन । नाटोमा सहभागी नहुने प्रतिवद्धता युक्रेनले जनाउनुपर्ने पनि रुसको माग छ । यता, युक्रेनले भविष्यमा रुसबाट आक्रमण नहुने ग्यारेन्टी खोजेको छ ।

# फापरखेत पहिरोको विकल्पमा बेलिब्रिज बनाउने योजना अन्योलमा

म्याग्दी- म्याग्दीको पश्चिमी क्षेत्रका तीन वटा स्थानीय तहलाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडकको मुख्य चुनौती बनेको फापरखेत पहिरोको विकल्पमा बेलिब्रिज निर्माण गर्ने योजना अन्योलमा परेको छ ।

फापरखेतको पहिरोको विकल्पमा मङ्गला गाउँपालिका-३ पखेर र २ सिमलचौर जोड्ने म्याग्दी नदीमाथी मोटरेबल पुल निर्माणका लागि गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु एक करोड बजेट विनियोजन गरेपनि कार्यान्वयनमा अन्योल भएको हो ।

म्याग्दी १(ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले संघीय सरकारले बेलिब्रिज उपलब्ध गराउन ढिलाइ गर्दा बेलिब्रिज बनाउने योजना अन्योलमा परेको बताए ।

‘प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले दुई वर्षअघि सङ्घीय सरकारको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयलाई ५५ मिटर लामो जगेडा बेलब्रिज मागेको थियो‘, उनले भने, ‘सङ्घीय सरकारले बेलिब्रिज उपलब्ध गराउने, प्रदेश सरकारले जडान गर्ने र पहुँचमार्ग बनाउने समझदारी कार्यान्वयन नहुँदा समस्या भएको हो ।‘

प्रतिनिधिसभाका निवर्तमान सांसद खमविर गर्बजाले ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री हुँदा बेलिब्रिज व्यवस्थापनका लागि भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयसँग समन्वय गरिरहेका थिए ।

‘बेलब्रिज प्रदेश सरकारलाई



हस्तान्तरण गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको अवस्थामा जेनजी आन्दोलनसँगै सरकार परिवर्तन भयो‘, गर्बजाले भने, ‘ पछिल्लो सरकार बनेपछि पनि बेलिब्रिजका लागि निरन्तर पहल गरेपनि उपलब्धि हुन सकेको छैन ।‘

बेनी नगरपालिका-४ र मङ्गला गाउँपालिका-२ को सिमानामा पर्ने फापरखेतमा सडकमुनि म्याग्दी नदी छ भने माथितिर ठूलो पहिरो छ । विसं २०६० अघि मार्ग खुलेको सडक निर्माण भएदेखिकै हरेक बर्खायाममा वर्षा हुनेबित्तिकै पहिरो खस्ने र २४ किलोमिटर दूरीको बेनी-दरवाङ सडकमा सीधा यातायात सेवा बन्द हुने गरेको छ । दुर्घटनाको जोखिम बढाएको छ ।

माथिबाट पहिरो खसिरहने र साँघुरो उक्त ठाउँको सडकबाट पछिल्लो दुई महिनामा दुई वटा मालवाहक ट्रक म्याग्दी नदीमा खसेर दुर्घटना भएको छ । मङ्गला, मालिका र धौलागिरि गाउँपालिकालाई बेनी बजारसँग जोड्ने बेनी-दरवाङ सडक बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्छन् ।

स्थानीयवासीलाई आवतजावत, बिरामीलाई अस्पताल पुऱ्याउन, दूध, तरकारी, फलफूल बजार लैजान, दैनिक उपभोग्य र निर्माण सामग्री ढुवानी गर्न समस्या भएको मङ्गला गाउँपालिका-२ सिमका ध्रॅव खत्रीले बताए ।

‘साँघुरो सडकमा गुडिरहेका सवारीसाधनमाथि पहिरो खसेर चोटपटक लाग्ने, सवारीसाधनमा क्षति पुग्ने गरेको छ‘, उनले भने, ‘ जुनसुकै बेला पहिरो खस्ने खतरा भएकाले यात्रा गर्न जोखिम छ ।‘

म्याग्दी नदीमा निर्माणाधीन तीन वटा जलविद्युत् आयोजना र डाडाखेत राहुघाट सवस्टेशन तथा प्रसारण लाइन, सडक, भवन, खानेपानी, सिँचाइलगायत विकास आयोजनाहरूमा पनि पहिरोका कारण असर परेको छ ।

तत्कालीन जिविसले सडकमुनि पक्की पर्खाल निर्माण गरेर म्याग्दी नदीको कटान रोकथाम गरे पनि सडकमाथिको पहिरो नियन्त्रणका लागि भएका प्रयास असफल र लगानी खेर गएको छ । पूर्वाधार विकास कार्यालय म्याग्दीले सडकमा खसेको पहिरो पन्छाउने र यातायात सञ्चालनको व्यवस्था मिलाएको छ ।

# सरकारले पीसीएल नर्सिङलाई निरन्तरता दिने तयारी गरेको छ : स्वास्थ्यमन्त्री

चितवन । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा. सुधा शर्मा गौतमले सरकारले एसईई परीक्षापछिको नर्सिङ पढाइ (पीसीएल) लाई निरन्तरता दिने तयारी गरेको बताएकी छन् ।

भरतपुर अस्पतालको ट्रमासेन्टर तथा कम्पाउन्डिङ फार्मेसीको आइतबार उद्घाटनपछि आयोजित कार्यक्रममा उनले अहिले अस्पतालमा आवश्यक स्टाफ नर्सको सङ्ख्या कम भएकाले पीसीएल नर्सिङ कार्यक्रम सञ्चालन गर्नेगरी तयारी थालिएको बताइन् ।

मन्त्री गौतमले भनिन्, ‘ठूला मेडिकल कलेज र आफ्नै अस्पताल भएका कलेजहरूलाई एसइई पछिको नर्सिङ पढाइको अनुमति दिनेगरी काम गरिरहेका छौँ ।’



अध्यादेशमार्फत एउटा बुँदा थपेर भए पनि पढाइ सुरु गर्ने योजनामा सरकार र मन्त्रालय रहेको उनले बताइन् । अहिले मन्त्रालयले विषयगत रूपमा सात वटा विषयमा सुधार गर्नेगरी काम गरेको उनले बताइन् ।

मन्त्री गौतमले सेवातर्फ मानसिक स्वास्थ्य, श्रमिक स्वास्थ्य, महिला स्वास्थ्य र बालबालिका स्वास्थ्यमा केन्द्रित गरिएको जानकारी दिइन् । सुधारका क्षेत्रमा स्वास्थ्य बीमा सुधार, औषधिमा गुणस्तरीयता र खरिद प्रक्रियालाई सहजीकरण गर्दै भ्रष्टाचारमुक्त बनाउने गरी काम भइरहेको उनले बताइन् ।

मन्त्री गौतमले भनिन्, ‘हामीले प्रतिवेदन तयार पारी कार्ययोजना बनाइरहेका छौँ । शीघ्र यसको नतिजा आउने छ ।’ उनले आफ्नो सरकारी जागिरको सुरुआती अस्पताल भरतपुर अस्पतालमा भएको स्मरण गर्दै यहाँको प्रगतिले आफू सन्तुष्ट रहेकोसमेत बताइन् ।

**पत्रकार सुरेश रजक**...

रहेका रजक आगोभित्रै हराए । घटनापछि लामो समयसम्म छानबिन र न्यायको माग उठिरह्यो । अन्ततः सरकारले उनको बलिदानलाई औपचारिक रूपमा सम्मान गर्ने निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले तीनकुने घटनामा ज्यान गुमाएका पत्रकार सुरेश रजकलाई राज्यको तर्फबाट शहीद घोषणा गर्ने निर्णय गरेको हो । सरकारका प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले उक्त निर्णय सार्वजनिक गर्दै “कर्तव्यपालनका क्रममा ज्यान गुमाएका पत्रकार रजकलाई शहीद घोषणा गरिएको” जानकारी दिएका छन् ।

तीनकुनेको आगो निभिसकेको छ । सडक सामान्य देखिन्छ । तर, सत्य खोज्दै क्यामेरा बोकेर आगोभित्र पसेका सुरेश रजकको कथा नेपाली पत्रकारिताको स्मृतिमा एउटा गहिरो दाग बनेर बसेको छ ।

आज उनी शहीद घोषित भएका छन्—एक पत्रकार, जसले अन्तिम क्षणसम्म पनि दृश्य छोडेनन् ।

**पशुपतिनाथ क्षेत्र**...

रूपमा सञ्चालन गर्न पशुपति क्षेत्र विकास कोषको सहयोग अपरिहार्य रहेको उल्लेख गरे ।

अध्यक्ष सारडाका अनुसार हालसम्म करिब ८० वटा पुस्तक नेपाली भाषामा अनुवाद भइसकेका छन् भने सन् २०२६ मा मनाइने कल्याण शताब्दी वर्षसम्म १०० भन्दा बढी पुस्तक नेपाली भाषामा प्रकाशित गर्ने लक्ष्य लिइएको छ । कार्यक्रममा पशुपतिनाथका मूल भट्ट गिरीश रावल भट्टज्यूबाट आशिर्वचन प्रदान गरिएको थियो । साथै विशिष्ट अतिथि डा. गोविन्द टण्डनज्यू, मठाधीश पद्मधराचार्यज्यू तथा प्रमुख अतिथि सुभाष चन्द्र जोशीज्यूले आ-आफ्ना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा आयोजक समितिका तर्फबाट उपाध्यक्ष भरत कुमार तोदीले धन्यवाद ज्ञापन गर्नभयो भने कार्यक्रम संयोजक एवं महासचिव अञ्जनी नन्दन मारुले सञ्चालन गरेको थियो । कार्यक्रममा विभिन्न धार्मिक तथा सामाजिक संघ-संस्था, संस्कृत विद्याश्रम, गुरुकुल, वाल्मीकी संस्कृत विद्यापीठ, विश्वाश्रम, मारवाडी समाजका प्रतिनिधि, विद्वत् वर्ग तथा लब्धप्रतिष्ठित महानुभावहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

**जलेको सिंहदरबार**...

जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकार गठनपश्चात् प्रधानमन्त्री कार्की र पूर्वराष्ट्रपति भण्डारीबीच यो पहिलो औपचारिक भेटवार्ता हो ।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा सिंहदरबार परिसरभित्रका विभिन्न मन्त्रालय, सवारीसाधन तथा अन्य सरकारी संरचनामा आगजनी गरिएको थियो । हाल आगजनीबाट खण्डहर बनेका संरचनाहरूको पुनर्निर्माण प्रक्रिया अगाडि बढिरहेको छ । उक्त आन्दोलनका क्रममा भंगालस्थित पूर्वराष्ट्रपति भण्डारीको निजी निवासमा समेत आगजनी भएको थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# एसिया प्यासिफिक फिल्म महोत्सवमा 'आाखा' बन्यो उत्कृष्ट

काठमाडौं- निर्देशक जौन योञ्जनको निर्देशनमा बनेको नेपाली फिल्म 'आँखा'ले अन्तर्राष्ट्रिय मञ्चमा ठूलो सफलता प्राप्त गरेको छ। हालै मलेसियामा सम्पन्न ६२औं एसिया प्यासिफिक फिल्म महोत्सवमा यस फिल्मलाई 'उत्कृष्ट फिल्म' घोषित गर्दै अवार्ड प्रदान गरिएको छ। फिल्मकी मुख्य अभिनेत्री स्मिता लामिछानेले अवार्ड ग्रहण गरेकी थिइन्।




फिल्मले अवार्ड जितेपछि अभिनेत्री लामिछानेले आफ्नो खुसी सामाजिक सञ्जालमार्फत व्यक्त गरेकी छन्। उनले लेखेकी छन्, 'यो हाम्रो सम्पूर्ण टिमका लागि निकै ठूलो उपलब्धि हो। यो कथा र हाम्रो यस यात्रामा विश्वास गर्ने सम्पूर्ण कलाकार, प्राविधिक टोली र प्रिय दर्शकहरूलाई म हृदयदेखि धन्यवाद व्यक्त गर्न चाहन्छु।'

स्मितासँगै पशुपति राई, निशा अधिकारी, आरके मेहता, विजय बराल, बुद्धि तामाङ लगायतको अभिनय रहेको यो फिल्मले सुकुम्बासी बस्तीमा जीवनयापन गरिरहेका सामान्य मानिसहरूको कथा, सङ्घर्ष र यथार्थलाई गहिरो रुपमा चित्रण गरेको छ। फिल्मले घरेलु बक्स अफिसमा अपेक्षित प्रदर्शन गर्न नसकेको भए पनि समीक्षा राम्रो पाएको थियो।

सोही फेस्टिभलमा अर्को नेपाली फिल्म 'शाम्बाला'ले पनि अवार्ड जित्न सफल भएको छ। मीन बहादुर भामको निर्देशनमा बनेको यो फिल्मले ब्याकग्राउन्ड स्कोर विधामा अवार्ड प्राप्त गरेको हो। फिल्मले यसअघि राष्ट्रिय अवार्डसहित लोकार्नो, निफ लगायतका प्रतिष्ठित फेस्टिभलमा अवार्ड जितिसकेको छ।

# 'झिँगेदाउ २'को छायांकन सुरु, यस्तो छ आर्यनको लुक्स

काठमाडौं- ज्ञानेन्द्र देउजाको निर्देशनमा बन्ने नयाँ फिल्म 'झिँगेदाउ २'को छायांकन सुरु गरिएको छ। सोमबार काभ्रेको पनौतीमा शुभमुहूर्त गरेपछि अभिनेता आर्यन सिग्देलले पहिलो सट दिए। फिल्मका लागि उनले लामो दाह्री पालेका छन्। उनको लुक्स हेर्दा फिल्ममा उनी गाउँले युवकको भूमिकामा देखिने अनुमान गर्न सकिन्छ।

साढे तीन करोड लागत अनुमान गरिएको फिल्मको छायांकन सेड्युल ६० दिनको राखिएको छ। यो अवधिमा पनौतीसहित काठमाडौं, भक्तपुर, साँखु, तनहुँ, बन्दीपुर, देवघाट, दोलखा, चित्लाङ र पालुङमा छायांकन गरिने फिल्मका लागि पनौतीमा भव्य सेट समेत लगाइएको छ। फिल्मलाई आगामी वर्षको दशैंमा प्रदर्शन गर्ने योजनामा निर्माण पक्ष छ।



कपनगढी सिनेमा र फिल्म क्रिउ नेपालको संयुक्त ब्यानरमा निर्माण हुने फिल्ममा आर्यनसहित सरोज खनाल, महेश त्रिपाठी, केकी अधिकारी, आँचल शर्मा, कुशल बिष्ट, बसुन्धरा भुषाल, हिंउवाला गौतम, अभय राज बराल लगायतको अभिनय रहनेछ। फिल्मको कथा निर्देशक देउजा स्वयंको हो भने पटकथा परिच्छेद सेन, गोविन्द फुयाल र शिशिर चालिसेले लेखेका हुन्। फिल्ममा विष्णु घिमिरे 'कल्पित'को छायांकन, रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, रामजी लामिछानेको कोरियोग्राफी, अर्जुन पोखरेलको संगीत, मित्र डि गुरुङको सम्पादन रहनेछ। फिल्मका निर्माता सुलभ प्रतिक देउजा र समीक्षा देउजा हुन्। २०७९ सालमा प्रदर्शन भएको 'झिँगेदाउ'को कथा जहाँ टुंगिएको थियो, सिक्वेल त्यहीँबाट सुरु हुने जनाइएको छ।

# पल शाह स्टारर 'आ बाट आमा'को टिजर रिलिज



काठमाडौं- द्वन्द्व निर्देशकको रुपमा परिचित चन्द्र पन्तको निर्देशनमा बनेको फिल्म 'आ बाट आमा'को टिजर सार्वजनिक गरिएको छ। झन्डै २ मिनेट लामो टिजरले फिल्मको कथावस्तुबारे संकेत दिएको छ। भावनात्मक सम्बन्धलाई केन्द्रमा राखिएको टिजरमा परदेशिन लागेको छोराप्रति आमाबुबाको प्रेमलाई मर्मस्पर्शी रूपमा देखाइएको छ।

टिजरमा अभिनेता पल शाह सिरानीमाथि पासपोर्ट राखेर सुतेको दृश्य देखिन्छ, जसले उनी परदेशिन लागेको संकेत गर्छ। उनकी आमा विपना थापा र बुबा प्रदीप रावत छोरालाई हेर्दै भावविह्वल भएका छन्। परदेशिन लागेको नेपाली युवा र त्यससँगै जोडिएको परिवारको संवेदनशील कथालाई निर्देशक चन्द्र पन्तले फिल्ममा मनछुने ढंगमा उतार्ने प्रयास गरेको टिजरमै अनुभूत हुन्छ।

आगामी माघको १६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा विपना, प्रदीप र पलसहित सिम्रन पन्त, साइग्रेस पोखरेल, उषा उप्रेती, रविन्द्र झा, गजित बिष्ट, अंशु महर्जन, बेगम नेपाली लगायतको अभिनय रहेको छ। निर्देशक पन्तकै कथा तथा पटकथा लेखन रहेको फिल्ममा अमर न्यौपाने, अभिमन्यू निरवी र चन्द्र पन्तले संवाद लेखेका हुन्।

कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाश जंग कुँवर, ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगानाको लगानी रहेको फिल्ममा नवराज उप्रेतीको छायांकन, गम्भीर बिष्ट र दिलिप ओखडाको कोरियोग्राफी, कोशिश क्षेत्री, थानेश्वर गौतम, बाबुल गिरी, अभी सुनारको संगीत, एलिस कार्की र शैलेन्द्र मान प्रधानको ब्याकग्राउन्ड स्कोर तथा साहिल खान र मिलन श्रेष्ठको सम्पादन छ।

# भारतमा 'ऊनको स्वीटर'को धमाका, दक्षिण भारतसम्म पुग्यो रिलिज

घरेलु बक्स अफिसमा ऐतिहासिक सफलता हासिल गरेको नेपाली फिल्म 'ऊनको स्वीटर' ले अहिले भारतमा पनि धमाका मच्चाएको छ। नेपालमा ५१ दिनसम्म ४० भन्दा बढी सिनेमा हलहरूमा लगातार प्रदर्शन भई करिब १२ करोड रुपैयाँको उल्लेखनीय आम्दानी गरेको यो फिल्म अहिले भारतीय दर्शकहरूको मागअनुसार प्रमुख सहरहरूमा सफलतापूर्वक प्रदर्शन भइरहेको छ र दर्जनौं नयाँ स्थानमा रिलिज हुने तयारीमा छ।




निर्माण कम्पनी आर्टमान्डू नेपाल प्रा.लि. ले एक प्रेस विज्ञप्ति जारी गर्दै पूर्वोत्तर भारतमा बलियो प्रदर्शन गरेपछि फिल्मले अब दक्षिण भारत सम्म आफ्नो पहुँच विस्तार गरेको जानकारी दिएको छ। नवीन चौहानको निर्देशनमा तयार भएको तथा विपिन कार्की, मिरूना मगर, एलेक्स पारस, परीक्षा लिम्बु, सुनिल पोखरेल लगायतका कलाकारहरूको अभिनय रहेको यो फिल्मले दुई हप्ताअघि सिक्किमको राजधानी गान्तोकमा प्रिमियर शोसँगै भारत यात्रा सुरु गरेको थियो। प्रारम्भिक दुई शो नै हाउसफुल भएपछि गान्तोकमा शोको संख्या बढाएर ६ पुऱ्याइएको थियो। यस प्रारम्भिक उत्साहजनक प्रतिक्रियाले दार्जिलिङ, कर्स्याङ, कालिम्पोङ, नाम्ची, कोलकाता र सिलिगुडीका हलहरूमा समेत दर्शकको ओइरो लागेको र ती हलहरूले अझै पनि शोहरू निरन्तरता दिइरहेको निर्माण पक्षले जनाएको छ।

पूर्वोत्तरको सफलतालाई निरन्तरता दिँदै 'ऊनको स्वीटर' अब असमको गुवाहाटी, पश्चिम बंगालको कोलकाता, उत्तराखण्डको देहरादून, नयाँ दिल्लीका साथै कर्नाटकको बैंगलोर र तेलङ्गनाको हैदराबाद जस्ता दक्षिण भारतीय महानगर हरूमा समेत पुगेको छ। विशेष गरी बैंगलोरमा नेपाली भाषीको संख्या कम हुँदाहुँदै पनि चार प्रमुख हलहरूमा फिल्म हाउसफुल चलिरहेको निर्माता टिमले उल्लेख गरेको छ। दक्षिण भारतमा पाएको यस्तो बलियो समर्थनलाई नेपाली फिल्म उद्योगको लागि एक महत्त्वपूर्ण उपलब्धि मानिएको छ।

आर्टमान्डू नेपाल प्रा.लि. ले डिसेम्बर १२ देखि फिल्मलाई थप दर्जनौं भारतीय सहरमा प्रदर्शन विस्तार गर्ने घोषणा गरेको छ। सो मितिदेखि मुम्बई, हैदराबाद, हिमाञ्चल प्रदेशका सिमला, धर्मशाला, कुल्लु, अरुणाचल प्रदेशका तेजू र नामसाई, मेघालयको सिलोङ तथा असमका अन्य मुख्य सहरहरूमा पनि फिल्मको आधिकारिक रिलिज हुँदैछ। निर्देशक नवीन चौहानले गान्तोकबाट सुरु भएको आफ्नो फिल्मको यात्रा दक्षिण भारतसम्म पुग्नु आफूहरूले कल्पना गरेको भन्दा धेरै ठूलो उपलब्धि भएको बताए। भारतमा 'ऊनको स्वीटर' लाई एसली प्रोडक्सन र एवन राईको समूहले रिलिज गरेको हो। भारत प्रदर्शनका क्रममा निर्देशक चौहानसँगै गायक सुजन चापागाईं पनि सक्रिय रूपमा सहभागी छन्।

## सायरी

# कस्तो होला



**रबि बि.क. गोर्खा**

कस्तो होला एकपटक, तिमी फेरि फर्कदा
कस्तो होला एकपटक, हामी फेरि भेट्दा।

सायद अब तिम्रो मन, बदि्लएको होला
मैले म उहीँ हु भन्दा पनि, बिशवास नलाग्ला
नजानु जानू गैहाल्यौ, गल्ती कस्को बुज्ने
भयो छाड्देउ अब, बुझ्ने प्रयास नै नगर्ने।

अहिलेको तिमी, तिमी नभइ
पहिलेको उहीँ तिमी भइ, भेट्दा कस्तो होला
फेरि एकपटक सम्बन्धमा, बाधिना पाए कस्तो होला।

कस्तो होला एकपटक, तिमी फेरि फर्कदा
कस्तो होला एकपटक, हामी फेरि भेट्दा
नजानु जानू गैहाल्यौ, गल्ती कस्को बुज्ने
भयो छाड्देउ अब, बुझ्ने प्रयास नै नगर्ने
पहिलेको उहीँ तिमी भइ, भेट्दा कस्तो होला
फेरि एकपटक सम्बन्धमा, बाधिना पाए कस्तो होला।

पाखा पखेरा संगको गहिरो सम्बन्ध

पाखा पखेरा संगको गहिरो सम्बन्ध

आज म हुला, भोलि नहुन पनि सकुला
सोध्लान तिमिलाई, ती पाखा पखेराले

गुजिन्थे ती पाखा, तिम्रो नामले
सोध्लान अब तिमिलाई, ती पाखा पखेराले
जो आउथ्यो सधैं, एउटै चिच्याउट्ले कराउथ्यो
कहाँ गएछ त्यो मान्छे, सधैं तिम्रो नामले बोलाउथ्यो।

कहाँ छन होला त्यो आवाज, जस्ले रसाउथ्यो पहरा
पखेरामा लडिबुडी छड्छड गर्ने, शुन्य लाग्न थल्यो छहरा
नआउनु अब तिमी यहाँ, पाखा पखेरा पनि रुन्छ
हराभरा लाग्ने पाखा, त्यो चिच्याउट बिना उजाड लाग्छ।

आज म हुला, भोलि नहुन पनि सकुला
सोध्लान तिमिलाई, ती पाखा पखेराले
जो आउथ्यो सधैं, एउटै चिच्याउट्ले कराउथ्यो
कहाँ गएछ त्यो मान्छे, सधैं तिम्रो नामले बोलाउथ्यो
नआउनु अब तिमी यहाँ, पाखा पखेरा पनि रुन्छ
हराभरा लाग्ने पाखा, त्यो चिच्याउट बिना उजाड लाग्छ।

# दर्शकले रुचाए 'अभिमन्यु'को रोमाञ्चक सस्पेन्स

नेपालमा सस्पेन्स थ्रिलर कथामा विरलै फिल्म बन्छन्। गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'अभिमन्यु' यस्तै सस्पेन्स थ्रिलर ड्रामा हो, जसले दर्शकलाई सस्पेन्समा बाँध्दै नेपाली समाजको यथार्थ कथा प्रस्तुत गर्छ।

मधेसमा दीर्घकालदेखि समस्या बनेको दाइजो प्रथालाई केन्द्रमा राखेको फिल्मले पैसाको लालचमा एक परिवारले उठाएका चरम कदम र त्यसले समाजमा पारेको प्रभावलाई उजागर गरेको छ। यिनै कथावस्तु र यथार्थपरक चित्रणका कारण फिल्मले दर्शकलाई प्रारम्भदेखि अन्त्यसम्म 'होल्ड' गर्न सफल भएको निर्माण पक्षको दाबी छ। 'अभिमन्यु' हेर्ने दर्शकले यसको दोस्रो भाग (सिक्वेल)को माग गरेका छन्। त्यसो त मेकरले सुरुमै यसलाई 'च्याप्टर-१' भनेकाले फिल्मको सिक्वेल आउने सम्भावना प्रवल देखिन्छ। दर्शकको मागले मेकरलाई सिक्वेल बनाउन उत्साहित बनाएको छ। सुशान्त गौतमले निर्देशन गरेको फिल्ममा मुकेश खनालको लेखन रहेको छ। फिल्मका निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन्। रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता रहेको फिल्मका कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन्।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २०,
२०८२ साल मंसिर २३ गते मंगलबार
9 DECEMBER 2025, TUESDAY

# एसेम्बल उद्योगले ग्राहकलाई सहुलियत नदिएपछि 'प्रोफिट मार्जिन' हेर्दै विभाग




काठमाडौं । एसेम्बल उद्योगले आफूबाट सहुलियत लिएर ग्राहकलाई उपलब्ध नगराएपछि सरकारले उनीहरुको 'प्रोफिट मार्जिन' हेर्ने भएको छ ।

अटो व्यवसायीले सरकारी सहुलियत ग्राहकलाई उपलब्ध नगराएको गुनासो आएपछि वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उनीहरुको 'प्रोफिट मार्जिन' अध्ययन गर्न लागेको हो ।

यसका लागि विभागले विभिन्न विवरण उपलब्ध गराउन एसेम्बल उद्योगलाई पत्राचार गरिसकेको छ । विभागले नेपालमा जडान भई तयार हुने विभिन्न चार पाङ्गे तथा दुई पाङ्गे सवारीसाधनमा सरकारबाट पाएको छुट ग्राहकले नपाएको गुनासो सम्बन्धमा अध्ययन गर्नुपर्ने भएकाले सवारीसाधनको विस्तृत प्राविधिक स्पेसिफिकेसनसहितको मूल्य विश्लेषण उपलब्ध गराउन पत्र लेखेको हो ।

पत्रमास्थानीय बजारमा उत्पादक कम्पनीले बिक्री गर्ने मोडल र नेपालमा जडान हुँदा फरक पर्ने मूल्यको विश्लेषण उपलब्ध गराउन भनिएको छ । विभागले उद्योगीले तयारी सवारीसाधन ल्याउँदा र यहीं जडान गर्दा फरक पर्ने मूल्य विवरण मागेको हो ।

विवरण अध्ययन गरी उद्योगलाई दिएको सरकारी सहुलियत ग्राहकले पाए/नपाएको यकिन गरी आवश्यक प्रक्रिया अगाडि बढाउने विभागका अधिकारीहरुले बताएका छन् ।

पाँच वर्ष पुगेका एसेम्ब्ली उद्योगलाई कर छुटमा लविङ, 'सधैं कसैले दिएको छैन'

तर, अधिकांश एसेम्बल उद्योगले विभागलाई विवरण उपलब्ध गराउन अटेर गरेका छन् । विभागका निर्देशक भरतप्रसाद आचार्यले पत्राचार गरेको डेढ महिना भइसक्दा अहिलेसम्म एउटा कम्पनीले मात्रै विवरण उपलब्ध गराएको जानकारी दिए ।

'अहिलेसम्म एउटा कम्पनीले मात्रै विवरण बुझाएको छ । हुन्डाई गाडी आयात तथा एसेम्बल गर्ने लक्ष्मी मोटर कर्पोरेसनले मात्रै हामीलाई विवरण उपलब्ध गराएको छ,' आचार्यले भने, 'हामीले एक हप्ताको समय दिएर विवरण मागेकामा बाँकी उद्योगले पेस गरेका छैनन् ।' देशभित्र एसेम्बल गरेर रोजगारी प्रवर्धनका लागि सरकारले उद्योगहरुलाई विभिन्न सहुलियत दिँदै आएको छ । सरकारी सहुलियत लिएर आधा दर्जन उद्योगले दुई पाङ्गे र चारपाङ्गे सवारीसाधन एसेम्बल गर्दै आएका छन् ।

हुन्डाईले नेपालमा एसेम्बल प्लान्ट लगाएपछि भेन्यू र क्रेटामा रेडिमेड भन्दम यहाँ नै एसेम्बल्ड भएका गाडीमा ४ लाखदेखि ९ लाख सम्म मूल्य घटाइएको थियो ।

बजाज, टीभीएस, यामाहा, रोयल इन्फिल्ड, हिरो, सुजुकी, होन्डा, हुन्डाई जस्ता ब्राण्डका सवार ीसाधन अहिले नेपालमै एसेम्बल हुन्छन् । बजाज र टीभीएस नेपालमा एसेम्बल हुने सबैभन्दा पुराना ब्राण्ड हुन् ।

ती ब्राण्डले ६/७ वर्षदेखि सरकारबाट सहुलियत लिए पनि ग्राहकलाई उपलब्ध नगराएको र स्थानीय उत्पादनमा पनि जोड नदिएको सरकारी बुझाइ छ ।

जबकि एसेम्बल उद्योगले भ्यालु एड गर्नेदेखि ग्राहकलाई सहुलियत दिनुपर्ने व्यवस्था छ । तर यो व्यवस्था सरकारले कार्यान्वयन गराउन सकेको छैन ।

सहुलियत दिएको एसेम्बल उद्योगमै छैन सरकारी नियमन, निर्देशिका निर्माण न मापदण्ड कार्यान्वयन सरकारले २०७८ मा नै मोटरसाइकल एसेम्बल गर्ने उद्योगका लागि मापदण्ड बनाएको थियो । उद्योग विभागले बनाएको मापदण्डमा मुख्यतया चार वटा सर्त छन् । मापदण्डमा पहिलो वर्ष १० प्रतिशत भ्यालु एड हुनुपर्ने उल्लेख छ । यस्तै, उद्योगले ५ वर्षमा ३० प्रतिशत भ्यालु एड गरेको हुनुपर्नेछ ।

यसैगरी पहिलो वर्ष ५० जना स्वदेशीलाई र पाँच वर्षमा २०० जनालाई रोजगारी दिनुपर्ने उल्लेख छ । उद्योग सुरु गरेको ५ वर्षमा कम्तिमा १० प्रतिशत कच्चा पदार्थ स्वदेशी नै प्रयोग गर्नुपर्ने भनिएको छ । एसेम्बल उद्योगले वातावरणमैत्री र यातायात सम्बन्धी कानुन पनि पालना गर्नुपर्छ ।

तर एसेम्बल उद्योगले सर्त अनुसार काम गरेका छैनन् । उनीहरुले आयात गरिएका र एसेम्बल सवार ीसाधन एउटै मूल्य राखेर बिक्री गर्दै आएका छन् । त्यही कारण उपभोक्ताको हित संरक्षणका लागि सूक्ष्मरुपले अध्ययन गर्न लागेको विभागका निर्देशक आचार्यले बताए ।

# केवाइसी गाडी आयात सम्बन्धमा भान्जा हेमन्तविरुद्धको मुद्दा चौधरीले हारे

काठमाडौं । चिनियाँ गाडी उत्पादक कम्पनी केवाइसीको विद्युतीइ भ्यान आयात सम्बन्धी विवादमा मामा विनोद चौधरीको कम्पनीले भान्जा हेमन्त अग्रवालको कम्पनीविरुद्धको मुद्दा हारेको छ ।

चौधरीको सीजी मोटर्सले हेमन्तको इलेक्ट्रोनिक ड्रिम्स मोबिलिटीलाई विपक्षी बनाएर दायर गरेको मुद्दा हारेको हो । उच्च अदालत पाटनले सीजी मोटर्सले गत साउन १४ गते र कात्तिकमा दायर गरेका दुईवटै रिट खारेज गरिदिएको छ ।

इलेक्ट्रोनिक ड्रिम्स मोबिलिटीका साथै वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई विपक्षी बनाएर साउन १४ गते दायर रिटमा साउन १५ गते सीजी मोटर्सको पक्षमा अन्तरिम आदेश दिएको उच्च अदालतले अहिले रिट ने खारेज गरिदिएको हो । सीजी मोटर्स भन्सार विभागलाई समेत विपक्षी बनाएर कात्तिकमा पनि अदालत गएको थियो । न्यायाधीश ब्रजेश प्याकुरेल र बासुदेव न्यौपानेको संयुक्त इजलासले सीजी मोटर्सले दायर गरेका दुवै रिट बुधबार खारेज गरिदिएसँगै हेमन्तको कम्पनीलाई केवाइसीका गाडी आयात गर्ने बाटो खुलेको छ । उच्च अदालतको फैसलाको पूर्ण पाठ आउन बाँकी छ । उद्योगी विनोद चौधरी र भान्जाबीचको लफडाले उग्ररुप लियो, विवाद पुग्यो अदालत सुरुमा वार्षिक ५०० युनिट गाडी बिक्री गर्ने योजना बनाएर सीजी मोटर्सले चोङछिङ चाङछिङ चाङएन कुवायु अटोमोबाइल्ससँग सम्झौता गरेको थियो । तर बजारमा गाडीको माग बढेपछि सीजीले सम्झौताभन्दा धेरै गाडी मगायो । ती गाडी स्टकमा बसे ।

धेरै गाडी स्टक भएपछि सीजीले एलसी खोल्न बन्द गऱ्यो । त्यसपछि कम्पनीले बिक्री गर्दै आएको केवाइसी ब्राण्ड खोसे । उनले केवाइसी गाडी आयात गरी बिक्री गर्नका लागि साउन १३ गते वाणिज्य विभागमा एजेन्सी दर्ता गरी प्रमाणपत्र लिए ।




चिनियाँ कम्पनी सीजीप्रति सशंकित भयो । किन एलसी नखोलेको भन्दै चिनियाँ कम्पनीले सीजीलाई पत्रमार्फत अल्टिमेटम दियो । यता विद्युतीय गाडीको बजार देखेर चौधरीले सीजी मोटर्समा सीइओको जिम्मेवारी दिएका हेमन्त सहमति अनुसार रकम नपाएको भन्दै असन्तुष्ट थिए । सीजी मोटर्स र हेमन्तबीचको विवादले उग्र रुप लियो । स्रोतका अनुसार हेमन्तलाई सीइओका रुपमा सीजी मोटर्समा भित्र्याउँदा नाफाको १० प्रतिशत दिने सहमति भएको थियो । सहमति अनुसार हेमन्तले रकम मागे । तर चौधरीले दिन मानेनन् । चौधरीले १० प्रतिशतको साटो कुनै अरु ब्राण्डको आधिकारिक बिक्रेता लैजान भने । हेमन्तले त्यो प्रस्ताव अस्वीकार गरे ।

त्यसपछि हेमन्तले मामाको चिनियाँ कम्पनीले सम्झौताको म्याद अझै दुई वर्षभन्दा बढी समय बाँकी छँदै सीजी मोटर्सको आधिकारिक बिक्रेता टर्मिनेट गऱ्यो ।

त्यसपछि सीजी मोटर्स भोलिपल्टै अर्थात साउन १४ गते केवाइसीको नयाँ आधिकारिक बिक्रेता इलेक्ट्रोनिक ड्रिम्स मोबिलिटी र वाणिज्य विभागलाई विपक्षी बनाएर उच्च अदालत पाटन पुग्यो ।

त्यो मुद्दामा साउन १५ गते उच्च अदालत पाटनले इलेक्ट्रोनिक ड्रिम्स मोबिलिटीलाई एजेन्सी दर्ता गरी केवाइसी गाडी आयात गर्न दिने निर्णय कार्यान्वयन नगर्न वाणिज्य विभागका नाममा अन्तरिम आदेश दिएकामा अहिले रिट नै खारेज गरिदिएर सीजी मोटर्सलाई 'हातमा लाग्यो शून्य' बनाइदिएको हो ।

# युरोपमा घोषित २०३५ पछि पेट्रोल–डिजल इन्जिन गाडी माथिको प्रतिबन्ध संशोधन दबाब

युरोपियन युनियन सन् २०३५ देखि नयाँ पेट्रोल र डिजेल गाडी बिक्रीमा प्रतिबन्ध लगाउने योजना पुनरावलोकनको तयारीमा छ । केही सदस्य राष्ट्र र अटो उद्योग समूहहरूले उक्त लक्ष्य सख्त रूपमा कायम राख्नुपर्ने बताउँदै आए पनि केही प्रभावशालीले घोषित प्रतिबन्ध पुनरावलोकन माग गरेका थिए ।

प्रतिबन्ध २०२३ मा पारित भएको थियो, जसले सन् २०३५ सार्वजनिक रूपमा नयाँ इन्जिन-आधारित गाडी बिक्री बन्द गर्ने प्रावधान राखेको थियो । अहिले जर्मनी र केही सवारी निर्माता कम्पनी भएका मुलुकहरूले स्तरीय सवारी बिक्रीमा अडान राख्न, हाइब्रिड वा नयाँ 'लो इमिसन/इ-फ्युल्स' वाहनलाई विकल्प दिन माग गरेका छन् ।

अटोमोबाइल कम्पनीहरूले यो कदमलाई उद्योग संकट र प्रतिस्पर्धी चिनियाँ कार उद्योगसँग प्रतिस्पर्धा गर्न आवश्यक पुनःसंरचना भनेका छन् । तर, केही विद्युतीय कार निर्माता र वातावरणीय समूहले चेतावनी दिएका छन् कि प्रतिबन्ध हटाउने हो भने ईयू को २०५० को कार्बन-तटस्थ लक्ष्य धरापमा पर्न सक्छ । युरोपेली आयोगले १० डिसेम्बर २०२५ मा नयाँ अटो उद्योग सहयोग प्याकेजसहित आफ्नो नीति पुनर्मूल्यांकन गर्ने तय गरेको थियो । तर ती उद्योग पक्ष र सदस्य राष्ट्रहरू बीच मागसँगै त्यसका विरुद्ध मतमतान्तरका अवस्था देखिँदा प्रस्तावित निर्णय केही हप्ता पछि सारिने सम्भावना छ ।

अहिलेको विवादले देखाउँछ कि, ईयूमा स्वच्छ मोबिलिटी र औद्योगिक प्रतिस्पर्धा बीचको सामन्जस्य कायम राख्न कठिनाइ बढेको छ । इयुमा २७ सदस्य राष्ट्र छन् । जनसंख्या ४५० करोडभन्दा बढी छ । गत वर्ष सन् २०२४ को रिपोर्टअनुसार सवारीको संख्या ३० करोड हाराहारी छ । जसले ऊर्जा खपत र प्रदूषणमा ठूलो हिस्सा ओगट्छ । इलेक्ट्रिक/वैकल्पिक इन्धन इन्जिन सवारीको प्रयोग बिस्तारै बढ्दैछ, तर अझै पनि पेट्रोल/डिजेल इन्जिन सवार ीसाधन धेरै छन् ।

# पुस ९ गतेदेखि विराट ट्रेड एक्स्पो २०२५ हुने

मोरङ उद्योग व्यापार संघको आयोजनामा पुस ९ गतेदेखि १९ गतेसम्म विराट ट्रेड एक्स्पो २०२५ हुने भएको छ ।

संघले विराटनगर शान्तीचौकमा रहेको जिल्ला प्रहरी कार्यालयसँगै 'विराट ट्रेड एक्स्पो२०२५' (अन्तर्राष्ट्रियस्तरीय कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी) को आयोजना गर्ने तयारी गरिरहेको जनाएको हो ।

जेन्जी आन्दोलनपछि उत्पन्न भएको शिथिल तथा अनिश्चित आर्थिक गतिविधिलाई चलायमान बनाउनुका साथै स्वदेशी उद्योग र व्यवसायको प्रवर्धन, नेपाल व्यापार रणनीति अन्तर्गत पहिचान गरिएका यस प्रदेशका अधिकांश वस्तुहरु सहित अन्तर प्रादेशिक उत्पादन र सेवाहरुको राष्ट्रिय/अन्तर्राष्ट्रिय बजार विस्तार, स्वदेशी एवं विदेशी लगानीकर्ताहरु बीच व्यवसायीक सम्बन्ध र सहकार्य स्थापना गर्नु एक्स्पोको उद्देश्य रहेको छ ।

यस्तै, कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार लगायत कैयौं प्रवर्धनात्मककार्यहरु गराउन, औद्योगिक र व्यवसायिक क्षेत्रको विकास एवं प्रवर्धनार्थ विशेष सहयोग पुऱ्याउन संघले यस वर्ष पनि सो एक्स्पो संचालन गर्न लागेको जनएको छ ।

साथै, यस वर्षको एक्स्पोले नयाँ र विद्यमान उत्पादन र सेवाहरु प्रदर्शन गर्न, स्वदेशी र विदेशी उत्पादनहरु प्रदर्शन गर्न, बिक्री गर्न र व्यापार र लगानीको सम्भावनाहरु बारे छलफल गर्ने उत्कृष्ट थलो हुने आशा आयोजकको छ ।

साथै, उत्पादक तथा वितरकहरुलाई आफ्ना उत्पादन र सेवाहरुको प्रदर्शनी एवं देश र विदेशमा आफ्नो बजार विस्तार र विविधीकरण गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास पनि लिइएको छ ।

मोरङ-सुनसरी आर्थिक करिडोरको प्रवर्द्धन, विकास, वृद्धि र अर्थतन्त्रलाई पुनःप्राप्तिगर्ने मुख्य उद्देश्यले आयोजना गरिने यस पटकको मेलामा जर्मन प्रविधिको ह्याङगर, अक्टानम सहितको करिब २३० स्टल मार्फत नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगहरुका अतिरिक्त प्रदेशका महत्व झल्किने कला-संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्य, कृषिजन्यतथाऔद्योगिक उत्पादनहरुको प्रदर्शनी रहनेछ । साथै, भारत, बंगलादेश, पाकिस्तान लगायतका देशमा उत्पादित वस्तुहरुको उत्पादनकर्ता र उपभोक्ताबीच सुमधुर सम्बन्धकायम गराइने पनि आयोजकले जनाएको छ ।

यस एक्पोमा मुख्य प्रायोजकको रुपमा रमपम तैयारी चाउचाउ र मारुतीसिमेन्ट संयुक्त रुपमा रहनेछन् ।

साथै, एक्स्पोमा दर्शकहरुलाई मनोरञ्जन प्रदान गर्न विभिन्न राष्ट्रिय व्याण्डको साँस्कृतिक कार्यक्रम र विभिन्न मनोरञ्जनात्मक सामाग्रीहरु, सेल्फीजोन, किड्स जोन, फिस तथा जलपरी टनेल आदी रहनेछ । करिब दुई लाख दर्शकले मेला हेर्ने अनुमान गरिएको छ ।

चिसो मौसममा सुरक्षित रहौं।

चिसो मौसममाः

- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिंडडुल (मर्निङ्ग वाक) नगरौं,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

सावधानी अपनाऔं, स्वस्थ रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार